## त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० मा मिति २०७९/०३/२४ गते बसेको त्रि.वि. सभाको बैठकले गरेको संशोधन

| हालको व्यवस्था | संशोधन वा थप गर्नु पर्ने |
|---|---|
| **नियम ४७ खरिद कारबाहीको तयारी गर्नु पर्ने:** विश्वविद्यालयको केन्द्रीय कार्यालय र यस अन्तर्गतका अन्य सङ्गठन वा निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा देहायबमोजिम गर्नुपर्नेछ :<br>(क) खरिद आवश्यकताको पहिचान गर्ने,<br>(ख) खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद सम्झौताको जानकारी लिने,<br>(ग) अघिल्ला वर्षहरूमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,<br>(घ) खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्ने,<br>(ङ) खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने,<br>(च) खरिद योजना तयार गर्न लगाउने,<br>(छ) खरिदको लागत अनुमान तयार गर्ने,<br>(ज) खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्ने,<br>(झ) खरिद विधिको छनौट गर्ने, र<br>(ञ) दुई करोड रुपैयाँसम्मको निर्माण कार्यको खरिदभन्दा बाहेकको अन्य खरिदमा बोलपत्र दाताको योग्यता वा पूर्वयोग्यताको कारबाही गर्नुपर्ने वा नपर्ने कुरा यकिन गर्ने । | **नियम ४७ पछि देहाय बमोजिम नियम ४७क थप गर्ने**<br>**४७क. प्याकेजिङ्ग तथा समूह विभाजन सम्बन्धी व्यवस्था :** (१) विश्वविद्यालयका संगठन वा निकायले खरिद कार्यको प्याकेजिङ्ग गर्दा नियम ४९ट को उपनियम (२) को खण्ड (ग) बमोजिम खरिद गुरुयोजनामा उल्लिखित प्याकेज संख्याको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।<br>(२) विश्वविद्यालयका संगठन वा निकायले खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्नेगरी तयारी गर्दा अलग अलग रुपमा सम्पन्न गर्न सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिष्पर्धा हुने हदसम्म छुट्टाछुट्टै रुपमा बोलपत्र आव्हान गर्नुपर्नेछ ।<br>(३) एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नुपर्ने भएमा बाहेक प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई बोलपत्र आव्हान गर्नुहुदैन । |

| | |
|---|---|
| **नियम ४९क**<br>(४) बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजातमा मालसामान वा निर्माण कार्य वा अन्य सेवाको प्राविधिक वा गुणस्तरजन्य विशेषताहरूको विवरण र परीक्षण (टेस्टिङ), मार्किङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग वा पुष्टीकरणको प्रमाणपत्र (कनफरमिटी सर्टिफिकेट) सम्बन्धी आधार वा सङ्केत वा शब्दावली उल्लेख गर्दा त्यस्तो मालसामान वा निर्माण कार्य वा अन्य सेवाको कामसँग असम्बद्ध हुने योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन कुनै किसिमले बाधा पुर्‍याउने वा औचित्य विना प्रतिस्पर्धालाई सीमित गर्ने गरी विवरण, आधार, सङ्केत वा शब्दावली उल्लेख गर्न सकिनेछैन । | **नियम ४९क को उपनियम (४) पछि देहाय बमोजिम उपनियम (५), (६), (७) थप गर्ने**<br>(५) उपनियम (१) बमोजिम तयार भएको विवरण नियम ४९झ बमोजिमको अधिकारीबाट स्वीकृत गर्नुपर्नेछ ।<br>(६) उपनियम (१) बमोजिम तयार गरिएको विवरण देहायका कुनै अवस्थामा संशोधन गर्न सकिनेछ :<br>(क) विवरण तयार गर्दाका बखत पूर्वानुमान गर्न नसकिने भौगर्भिक रुपले जटिल प्रकृतिको निर्माण कार्य भएमा,<br>(ख) विवरण तयार गरिसकेपछि प्राकृतिक प्रकोपजन्य परिस्थिति सिर्जना भएमा,<br>(ग) विभागीय नर्म्स परिवर्तन भएमा,<br>(घ) निर्माण कार्य सञ्चालन गर्ने पूर्व निर्धारित प्रविधि वा पद्धति परिवर्तन भएमा,<br>(ङ) विशेष र जटिल प्रकृतिको संरचना भई सो को कार्यान्वयनमा कठिनाई उत्पन्न भएमा ।<br>(७) उपनियम (१) बमोजिम तयार भएको विवरण उपनियम (६) मा उल्लिखित अवस्थामा संशोधन गर्नु परेकोमा बाहेक नियम ४९ग को उपनियम (२) बमोजिम कानूनी कारवाहीको लागि लेखि पठाउने कर्तव्य निकाय प्रमुखको र निज स्वयंले उपनियम (१) बमोजिमको विवरण स्वीकृत गरेको रहेछ भने एक तह माथिको अधिकारीको हुनेछ । |
| **४९ख. बजेट तथा निर्माणस्थलको व्यवस्था**<br>(३) सम्बन्धित सङ्गठन वा निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही सुरु गर्नु हुँदैन । | **नियम ४९ख को उपनियम (३) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(३) सम्बन्धित सङ्गठन वा निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आब्हान गर्नु हुदैन । |

| | |
|---|---|
| **४९ख. बजेट तथा निर्माणस्थलको व्यवस्था**<br>(३) सम्बन्धित सङ्गठन वा निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही सुरु गर्नु हुँदैन । | **नियम ४९ख को उपनियम (३) पछि देहाय बमोजिम उपनियम (४), (५) थप गर्ने**<br>(४) उपनियम (३) मा जुनसुकै करा लेखिएको भए तापनि देहायको अवस्थामा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत हुन बाँकी रहेको अवस्थामा बोलपत्र आव्हान गर्न वाधा पर्ने छैन :<br>(क) उपनियम (३) प्रारम्भ हुँदाका बखत स्वीकृत भइसकेको आयोजना कार्यान्वयन गर्नु पर्दा,<br>(ख) कुनै विशेष परियोजना कार्यान्वयन गर्ने गरी कार्यकारी परिषदबाट निर्णय भएमा ।<br>(५) संगठन वा निकायले बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम (२) को खण्ड (क) बमोजिम अन्य बर्षको लागि खरिद कारबाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही शुरु गर्नु पर्नेछ । |
| **नियम ४९च मालसामानको लागत अनुमान :**<br>(१) सङ्गठन वा निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ४९घ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा देहायका कुरालाई आधार लिनु पर्नेछ :<br>(क) सम्बन्धित सङ्गठन वा निकाय रहेको जिल्लाको अन्य सम्बन्धित सङ्गठन वा निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत,<br>(ख) स्थानीय बजारमा प्रचलित दरभाउ,<br>(ग) अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, | **नियम ४९च को उपनियम (२) को खण्ड (घ) पछि देहाय बमोजिम खण्ड (ङ) थप गर्ने**<br>(ङ) विक्रेताको वेवसाइटमा रहेको दररेट । |

| | |
|---|---|
| (घ) उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेट । | |
| **नियम ४९झ लागत अनुमानको स्वीकृति**<br>(१) नियम ४९ङ, ४९च, र ४९ज बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :<br>(क) पच्चिस हजार रुपैयाँदेखि एक करोड रुपैयाँसम्मको लागत अनुमान सम्वन्धित सङ्गठन वा निकाय प्रमुख/ कार्यसमितिबाट,<br>(ख) तिन करोड रुपैयाँसम्मको लागत अनुमान डीन/कार्यान्वयन समितिबाट,<br>(ग) चार करोड रुपैयाँसम्मको लागत अनुमान रजिष्ट्रारबाट,<br>(घ) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान उपकुलपतिबाट र<br>(ङ) पाँच करोड रुपैयाँभन्दा जतिसुकै बढी रकमको लागत अनुमान कार्यकारी परिषद्बाट । | **नियम ४९झ को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) नियम ४९ङ, ४९च, र ४९ज बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :<br>(क) तीन करोड रुपैयाँसम्मको लागत अनुमान सम्वन्धित सङ्गठन वा निकाय प्रमुख/कार्यसमितिबाट,<br>(ख) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान डीन/कार्यकारी निर्देशक/कार्यान्वयन समितिबाट,<br>(ग) दश करोड रुपैयाँसम्मको लागत अनुमान रजिष्ट्रारबाट,<br>(घ) पन्ध्र करोड रुपैयाँसम्मको लागत अनुमान उपकुलपतिबाट ।<br>(घ) पन्ध्र करोड रुपैयाँभन्दा बढीको लागत अनुमान कार्यकारी परिषदबाट । |
| **नियम ४९झ**<br>(२) नियम ४९छ बमोजिम तयार भएको लागत अनुमान देहायकोअधिकारीबाट स्वीकृत हुनु पर्नेछ :<br>(क) तिन लाख रुपैयाँसम्मको लागत अनुमान सम्वन्धित सङ्गठन वा निकाय प्रमुखबाट,<br>(ख) पाँच लाख रुपैयाँसम्मको लागत अनुमान डीनबाट,<br>(ग) दस लाख रुपैयाँसम्मको लागत अनुमान रजिष्ट्रारबाट,<br>(घ) दस लाख रुपैयाँ भन्दा जतिसुकै बढी रकमको लागत अनुमान उपकुलपतिबाट । | **नियम ४९झ को उपनियम (२) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(२) नियम ४९छ बमोजिम तयार भएको लागत अनुमान देहायकोअधिकारीबाट स्वीकृत हुनु पर्नेछ :<br>(क) बीस लाख रुपैयाँसम्मको लागत अनुमान सम्वन्धित सङ्गठन वा निकाय प्रमुखबाट,<br>(ख) पचास लाख रुपैयाँसम्मको लागत अनुमान डीन/कार्यकारी निर्देशकबाट,<br>(ग) एक करोड रुपैयाँसम्मको लागत अनुमान रजिष्ट्रारबाट,<br>(घ) एक करोड रुपैयाँ भन्दा जतिसुकै बढी रकमको लागत अनुमान उपकुलपतिबाट । |
| **नियम ४९ड**<br>(४) उपनियम (३) मा उल्लिखित कामको अतिरिक्त खरिद महाशाखा वा शाखा वा | **नियम ४९ड को उपनियम (४) लाई देहाय बमोजिम संशोधन गर्ने** |

| | |
|---|---|
| उपशाखा वा तोकिएको एकाईको काम देहाय बमोजिम हुनेछ :<br>(क) खरिद कारबाहीसँग सम्बन्धित काममा समन्वय गर्ने,<br>(ख) खरिद माग सङ्कलन गरी स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने,<br>(ग) प्रतीतपत्रको अभिलेख राख्ने । | (४) उपनियम (३) बमोजिम स्थापना भएको महाशाखा वा शाखा वा उपशाखा वा खरिद कार्य गर्नेगरी तोकिएको कुनै शाखाको प्रमुखको जिम्मेवारी वहन गर्नेगरी खरिद अधिकारी तोक्नुपर्नेछ । खरिद अधिकारीले उपनियम (३) मा उल्लिखित कामको अतिरिक्त देहाय बमोजिमको कार्यसम्पादन गर्नुपर्नेछ ।<br>(क) खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी निकाय प्रमुखबाट स्वीकृत गराई अध्यावधिक राख्ने ।<br>(ख) खरिद कारवाहीसँग सम्बन्धित काममा समन्वय गर्ने ।<br>(ग) खरिद माग सङ्कलन गरी स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने,<br>(घ) बोलपत्र वा प्रस्ताव खोल्ने समितिको संयोजक भई कार्य गर्ने,<br>(ङ) खरिद कारबाहीको अभिलेख राख्ने,<br>(च) म्याद थप, कार्य सम्पादन जमानत र प्रतितपत्रको अभिलेख राख्ने । |
| **नियम ४९थ**<br>(३) मौजुदा सूची तयार गर्नको लागि सम्बन्धित सङ्गठन वा निकायले कम्तीमा पन्ध्र दिनको म्याद दिई प्रत्येक वर्ष देहायका कुरा खुलेको सूचना आफ्नो कार्यालय सूचना पाटीमा टाँस गरी सम्बन्धित सङ्गठन वा निकाय वा केन्द्रीय कार्यालयको वेवसाइटमा र राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरी इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निवेदन माग गर्न सक्नेछः<br>(क) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकको योग्यता,<br>(ख) मौजुदा सूचीको वर्गीकरण,<br>(ग) मौजुदा सूची अद्यावधिक गर्ने कार्यविधि, र<br>(घ) मौजुदा सूची मान्य रहने अवधि । | **नियम ४९थ को उपनियम (३) लाई देहाय बमोजिम संशोधन गर्ने**<br>(३) उपनियम (१) बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अध्यावधिक हुन चाहने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपी संलग्न गरी सम्बन्धित संगठन वा निकायमा निवेदन दिनुपर्नेछ :<br>(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,<br>(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,<br>(ग) कर चुक्ता प्रमाणपत्र,<br>(घ) आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र । |

| | |
|---|---|
| **नियम ४९थ**<br>(४) त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयले यस अन्तर्गतका निकायहरूको लागि अभिलेख राख्ने प्रयोजनको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टाछुट्टै मौजुदा सूची सम्बन्धित सङ्गठन वा निकायमा पेश गर्नको लागि सूचना प्रकाशित गर्न सक्नेछ ।<br>(५) उपनियम (३) बमोजिमको योग्यता पुरा गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले मौजुदा सूचीमा समावेस हुन निर्धारित समयावधिभित्र आवश्यक कागजातसहित निवेदन दिन सक्नेछ । | **नियम ४९थ को उपनियम (४) र (५) हटाउने** |
| **नियम ४९थ**<br>(६) सम्बन्धित सङ्गठन वा निकायले उपनियम (५) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकले उपनियम ( २) बमोजिमको योग्यता पुरा गरेको देखिएमा त्यस्तो निवेदकलाई मौजुदा सूचीमा समावेश गर्नु पर्नेछ । | **नियम ४९थ को उपनियम (६) लाई देहाय बमोजिम संशोधन गर्ने**<br>(६) सम्बन्धित सङ्गठन वा निकायले उपनियम (३) बमोजिम प्राप्त भएको निवेदनमा आवश्यक जाँचबुझ गरी दर्ता गराई सोको निस्सा निवेदकलाई दिनुपर्नेछ । |
| **नियम ४९थ**<br>(७) सम्बन्धित सङ्गठन वा निकायले मौजुदा सूचीमा समावेश भएका वा सो सूचीबाट हटाईएका आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई सोको लिखित जानकारी यथाशिघ्र दिनु पर्नेछ । | **नियम ४९थ को उपनियम (७) हटाउने** |
| **नियम ४९द**<br>(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट समेत खरिद गर्न सकिनेछ : | **नियम ४९द को उपनियम (२) को खण्ड (क) मा देहाय बमोजिम गर्ने**<br>“पाँच हजार” को सट्टामा “ बीस हजार” गर्ने |

| | |
|---|---|
| (क) पाँच हजार रुपैयाँ भन्दा कम रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा,<br>(ख) मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा,<br>(ग) घर भाडामा लिनु पर्दा । | |
| **नियम ४९ध**<br>(२) उपनियम (१) बमोजिम खरिद सम्झौता छनौट गर्दा देहायका कुरा विचार गरी छनौट गर्नु पर्नेछ :<br>(क) खरिदको प्रकार र परिमाण,<br>(ख) समान प्रकृतिको खरिद पुनः गरिने सम्भावना भए नभएको,<br>(ग) सम्बन्धित सङ्गठन वा निकाय र आपूर्तिकर्ता, निर्माण व्यवसायी वा परामर्शदाता र अन्य पक्षबिच गरिने जोखिमको बाँडफाँड र<br>(घ) सम्झौता सुपरिवेक्षण गर्ने तरिका । | **नियम ४९ध को उपनियम (२) पछि देहाय बमोजिम उपनियम (३) र (४) थप गर्ने**<br>(३) उपनियम (१) बमोजिम खरिद सम्झौता गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमुना बोलपत्र सम्बन्धी कागजातमा रहेको खरिद सम्झौता अनुरुप छनौट गर्नुपर्नेछ ।<br>तर सार्वजनिक खरिद अनुगमन कार्यालयबाट नमुना बोलपत्र सम्बन्धी कागजात जारी भइ नसकेको अवस्थामा संगठन वा निकायले आफूलाई आवश्यक परेको खरिद सम्झौता सहितको बोलपत्र सम्बन्धी कागजात तयार गरी उपयोगमा ल्याउन सकिन्छ ।<br>(४) यस नियम बमोजिम एकपटक बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता छनौट गरी बोलपत्र आव्हान गरिसकेपछि यस खरिद नियममा अन्यथा उल्लेख भएकोमा बाहेक त्यसरी छनौट भएको नमुना खरिद सम्झौता परिवर्तन गर्न सकिने छैन । |
| **नियम ४९ब**<br>**शर्त राख्न सकिने :** कुनै खरिद सम्झौताका सम्बन्धमा यस परिच्छेदमा उल्लिखित शर्तका अतिरिक्त अन्य कुनै शर्त राख्नु परेमा सम्बन्धित सङ्गठन वा निकायले बोलपत्रसम्बन्धी कागजातमा वा प्रस्ताव सम्बन्धी कागजातमा त्यस्तो शर्त उल्लेख गर्न सक्नेछ । | **नियम ४९ब मा देहाय बमोजिम संशोधन गर्ने**<br>**४९ब. शर्त राख्न सकिने** : कुनै खरिद सम्झौताका सम्बन्धमा यस परिच्छेदमा उल्लिखित शर्तका अतिरिक्त अन्य कुनै शर्त राख्नु परेमा सम्बन्धित सङ्गठन वा निकायले बोलपत्रसम्बन्धी कागजातमा वा प्रस्ताव सम्बन्धी कागजातमा अन्य कुनै थप शर्त राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी कागजातको खरिद सम्झौताका शर्तहरूमा सारभूत रुपमा फरक नपर्ने गरी थप शर्त उल्लेख गर्न सकिनेछ । |

| | |
|---|---|
| **नियम ४९य को उपनियम (१) को खण्ड (ग)**<br>(ग) एकलौटी रूपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्रयाक्टरको रूपमा बोलपत्रसम्बन्धी कागजात वा पूर्वयोग्यता सम्बन्धी कागजातमा उल्लेख भएको न्यूनतम रकम बराबरको निर्माण कार्य मासिक वा वार्षिक रूपमा गरेको र प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका खरिद सम्झौता त्यस्तो कागजातमा<br>उल्लेख भएको सङ्ख्यामा सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव | **नियम ४९य को उपनियम (१) को खण्ड (ग) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(ग) विगत दश बर्षमा एकलौटी रुपमा वा व्यवस्थापन संझौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब कन्ट्याक्टरको रुपमा प्रस्तावित खरिद संझौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका देहाय बमोजिमको खरिद सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गतिविधिको लागत अनुमानमा उल्लिखित परिमाणको कम्तीमा असी प्रतिशत बार्षिक उत्पादन दर (प्रोडक्सन रेट) वा संख्या वा परिमाणको आधारमा सम्पन्न गरेको विशेष अनुभव :<br>(१) दुई करोड रुपैयादेखि पाँच करोड रुपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालिस प्रतिशत रकम बराबरको कम्तीमा एउटा,<br>(२) पाँच करोड रुपैयाभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको कम्तीमा एउटा । |
| **नियम ४९य को उपनियम (२)**<br>(२) राष्ट्रिय निर्माण व्यवसायीको हकमा उपनियम (१) को खण्ड (ख) र (ग) को रकम गणना गर्दा मूल्य अभिवृद्धि कर वापतको रकम कटाई हुन आउने रकम मात्र गणना गरिनेछ र त्यस्तो रकमलाई नेपाल राष्ट्र बैंकको अद्यावधिक मूल्य सूचकाङ्कअनुसार समायोजन गरिनेछ । | **नियम ४९य को उपनियम (२) पछि (२क), (२ख) र (२ग) थप गर्ने**<br>(२क) संयुक्त उपक्रम भएको बोलपत्रदाताले उपनयम (१) को खण्ड (ग) को उपखण्ड (२) बमोजिम दुईवटा खरिद सम्झौताको अनुभव पेश गरेकोमा सो संयुक्त उपक्रमका साझेदारहरूले हासिल गरेको अलग अलग खरिद सम्झौताको अनुभवलाई गणना गर्न सकिनेछ ।<br>(२ख) उपनियम (१) को खण्ड (ग) बमोजिम विशेष अनुभव निर्धारण गर्दा पर्याप्त संख्यामा अनुभव प्राप्त स्वदेशी बोलपत्रदाता उपलब्ध हुन नसक्ने सुरुङ्गमार्ग, विमानस्थल जस्ता निर्माण कार्यहरू बाहेकका जटिल प्रकृतिको निर्माण कार्यको हकमा सो खण्ड बमोजिमको अनुभवको अतिरिक्त त्यस्तो कार्यमा संयुक्त उपक्रम भएको बोलपत्रदाता भए प्रत्येक साझेदारले एकलौटी रुपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब कन्ट्याक्टरको रुपमा |

| | |
|---|---|
| | प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका न्यूनतम रुपमा कुल विशेष अनुभवको कम्तीमा दश प्रतिशत रकम बराबरको एउटा खरिद सम्झौता सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव हुनुपर्ने गरी निर्धारण गर्न सकिनेछ ।<br>(ग) संगठन वा निकायले उपनियम (१) बमोजिमको योग्यता निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरू तय भएको, प्रतिष्पर्धा सीमित नहुने सुनश्चितता गरिएको, बजारमा प्रतिष्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नु पर्नेछ । |
| **नियम ४९य को उपनियम (३)**<br>(३) यस नियमबमोजिम निर्माण व्यवसायीको प्राविधिक क्षमता प्रमाणित गर्ने कागजात माग गर्दा सम्बन्धित सङ्गठन वा निकायले बोलपत्रदाता वा पूर्वयोग्यताको प्रस्तावदाताबाट ज्ञण्ट निर्माण कार्यको प्रकृति अनुसार देहायका कुनै वा सबै कागजात माग गर्न सक्नेछ :<br>(क) विगत दस वर्षको अवधिमा निजले सम्पन्न गरेको निर्माण कार्यको मूल्य, मिति र कार्यस्थलको विवरण,<br>(ख) निजले सव-कन्ट्र्याक्टरमार्फत गराउन चाहेको प्रस्तावित कामको अनुपात,<br>(ग) प्रस्तावित काम सम्पन्न गर्नका लागि निजसँग भएका प्राविधिक उपकरण र प्लान्टको विवरण । | **नियम ४९य को उपनियम (३) खण्ड (ग) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(ग) प्रस्तावित काम सम्पन्न गर्नका लागि निजसँग भएका प्राविधिक जनशक्ति उपनियम (१) को खण्ड (च) बमोजिमका उपकरण र प्लान्टको विवरण । |
| **नियम ४९य को उपनियम (३)**<br>(ग) प्रस्तावित काम सम्पन्न गर्नका लागि निजसँग भएका प्राविधिक उपकरण र प्लान्टको विवरण । | **नियम ४९य को उपनियम (३) को खण्ड (ग) पछि देहाय बमोजिम खण्ड (घ) थप गर्ने**<br>(घ) प्रस्तावित निर्माण कार्य सम्पन्न गर्न बोलपत्रदाताको नियम ५१छ को उपनियम (२) को |

| | |
|---|---|
| | खण्ड (द) बमोजिमको प्राविधिक क्षमता प्रमाणित गर्न सोही नियमको उपनियम (२) को खण्ड (ध) बमोजिमको विवरण । |
| **नियम ४९य**<br>(३) यस नियमबमोजिम निर्माण व्यवसायीको प्राविधिक क्षमता प्रमाणित गर्ने कागजात माग गर्दा सम्बन्धित सङ्गठन वा निकायले बोलपत्रदाता वा पूर्वयोग्यताको प्रस्तावदाताबाट निर्माण कार्यको प्रकृति अनुसार देहायका कुनै वा सबै कागजात माग गर्न सक्नेछ :<br>(क) विगत दस वर्षको अवधिमा निजले सम्पन्न गरेको निर्माण कार्यको मूल्य, मिति र कार्यस्थलको विवरण,<br>(ख) निजले सव-कन्ट्रयाक्टरमार्फत गराउन चाहेको प्रस्तावित कामको अनुपात,<br>(ग) प्रस्तावित काम सम्पन्न गर्नका लागि निजसँग भएका प्राविधिक उपकरण र प्लान्टको विवरण । | **नियम ४९य को उपनियम (३) पछि देहाय बमोजिम उपनियम (४) थप गर्ने**<br>(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई करोड रुपैया सम्मको लागत अनुमान भएको पुल, बहुतले भवन वा सडकमार्ग जस्ता जटिल वा विशेष प्रकृतिका संरचना लगायत सम्बन्धित संगठन वा निकायबाट तोकिएको अन्य संरचनाको निर्माण कार्यको लागि नियम ४९भ को उपनियम (५) बमोजिम योग्यता निर्धारण गर्नु पर्नेछ । |
| **नियम ४९ल**<br>(७) कुनै संयुक्त उपक्रमले बोलपत्र पेश गर्दा बोलपत्र जमानत समेत पेश गर्नु पर्ने भएमा त्यस्तो बोलपत्र जमानत उपनियम (१) बमोजिमको संयुक्त उपक्रमका सबै साझेदारको नाममा र सबै साझेदारको दायित्व हुने गरी जारी गरिएको हुनु पर्नेछ । | **नियम ४९ल को उपनियम (७) पछि देहाय बमोजिम उपनियम (७क) थप गर्ने**<br>(७क) निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का पाप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न पाइने छैन । |
| **नियम ५१ई**<br>(५) संगठन वा निकायले उपनियम ( १)बमोजिम खरिद गर्दा पुरानो मालसामान र बजारमा उपलब्ध नयाँ मालसामानको सूची | **नियम ५१ई को उपनियम (५) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(५) संगठन वा निकायले उपनियम (१)बमोजिम खरिद गर्दा पुरानो मालसामान र बजारमा उपलब्ध नयाँ |

| | |
|---|---|
| तयार गरी रजिष्ट्रारबाट स्वीकृति लिएर मात्र खरिद गर्नुपर्नेछ । | मालसामानको सूची तयार गरी १० लाख सम्मको लागत अनुमान भएको निकाय प्रमुख, १ करोडसम्मको एक तह माथिको पदाधिकारी र १ करोडभन्दा माथि लागत अनुमान भएको मालसामानको रजिष्ट्रारबाट स्वीकृति लिएर बोलपत्रसम्बन्धी प्रकृया पूरा गरी खरिद गर्नुपर्नेछ । |
| **नियम ५१उ**<br>स्वदेशी बोलपत्रदाताहरू बीच मात्र प्रतिष्पर्धा गराई खरिद गरिने : (१) नियम ५० को उपनियम (२) बमोजिम एक चरणको खुला बोलपत्र आव्हान गर्दा दुई करोड रुपैयाँभन्दा बढी र एक अरब रुपैयाँ सम्मको लागत अनुमान भएको निमार्ण कार्यको खरिदमा नियम ५१भ को अवस्थामा बाहेक राष्टियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरू बीच मात्र प्रतिष्पर्धा गराई खरिद गर्नुपर्नेछ । | **नियम ५१उ को उपनियम (१) मा "एक अरब" को सट्टामा "पाँच अर्ब" गर्ने** |
| **नियम ५१उ**<br>(२) उपनियम (१) बमोजिम खरिद गर्नुपर्दा प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नुपर्ने व्यहोरा बोलपत्र आव्हानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा खुलाउनु पर्नेछ ।<br>(३) उपनियम (२) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिकप्रस्तावका लागि नियम ४९म, ४९य, ४९ल र ४९व बमोजिमको प्रविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नुपर्नेछ । | **नियम ५१उ को उपनियम (२),(३),(४),(५),(६) र (७) हटाउने** |

| | |
|---|---|
| (४) उपनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव नियम ५६घ बमोजिमको प्रक्रियाबाट खोली नियम ५२, ५१त्र, ५२, ५२घ र ५२ङ बमोजिम परीक्षण गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नुपर्नेछ ।<br>(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रुपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल बोलपत्रदाताहरूलाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन कम्तीमा सात दिनको अवधि दिई सूचना गर्नुपर्ने छ ।<br>(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याकंन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदाताहरूलाई फिर्ता गर्नुपर्ने छ ।<br>(७) उपनियम (४) बमोजिम सफल बोलपत्रदाताहरू को नियम ५६ज बमोजिमको प्रक्रियाबाटआर्थिक प्रस्ताव खोली नियम ५२ख, ५२च र ५२छ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही बोलपत्रको छनौट गर्नुपर्ने छ । | |
| **नियम ५१ऊ**<br>**संयुक्त उपक्रमबाट सहभागी हुनु पर्ने :**<br>(१) नियम ५१भ बमोजिम आव्हान गरिएको एक अर्ब रुपैयाँ भन्दामाथि पाँच अर्ब रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्यसम्बन्धी अन्तर्राष्टियस्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीलेस्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्ने छ । | **नियम ५१ऊ मा देहाय बमोजिम संशोधन गर्ने**<br>**५१ऊ. स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिने :**<br>(१) अन्तर्राष्ट्रिय बोलपत्रमा एकल रुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई तथ स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा पच्चीस प्रतिशत हुनेगरी संयुक्त उपक्रम गरी विदेशी फर्म, संस्था वा कम्पनी सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेष्टिक प्रिफरेन्स) दिनु पर्नेछ । |

| | |
|---|---|
| (२) उपनियम (१) बमोजिमको खरिद कारबाहीमा नियम ५१उ को व्यवस्था लागू हुनेछ। | (२) उपनियम (१) बमोजिम प्राथमिकता दिँदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अंक रकमको पाँच प्रतिशतसम्म बढी बोल अंक भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ।<br>(३) उपनियम (१) बमोजिम स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रममा विदेशी फर्म, संस्था वा कम्पनी सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्साको अनुपातमा उपनियम (२) बमोजिम प्राथमिकता (डोमेष्टिक प्रिफरेन्स) दिन सकिनेछ।<br>(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दश अर्ब रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीले स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनुपर्नेछ। |
| **५१ए.निर्माण कार्यको आर्थिक प्रस्ताव माग गरी खरिद गर्ने कार्यविधि** : (१) नियम ६७न ५९ उपनियम (७)बमोजिम खरिद सम्झौता अन्त्य भई सोही नियमको उपनियम (९) बमोजिम त्यस्तोनिर्माण कार्य खरिद गर्नुपर्दा नियम ५२ख बमोजिम छनौट भएका बोलपत्रदाताहरूलाई पन्ध्र दिनको म्याद दिई आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिनेछ।<br>(२) उपनियम (१) बमोजिमको म्याद दिई खरिद गर्नुपर्दा सिलबन्दी आर्थिक प्रस्ताव मात्र पेश गर्नुपर्ने व्यहोरा खुलाउनु पर्ने छ।<br>(३) उपनियम (१) बमोजिम खरिद गर्ने योजनका लागि बोलपत्र सम्बन्धी कागजात तयार गर्दा खरिद सम्झौता अन्त्य हुँदाको | **नियम ५१ए पछि देहाय बमोजिम नियम ५१ऐ थप गर्ने**<br>**५१ऐ. दुई खाम विधिबाट गरिने गरिएको कार्यविधिः** (१) बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ।<br>(२) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागजातको विवरण खुलाउनु पर्नेछ। |

| | |
|---|---|
| समयसम्म डिजाइन वा लागत अनुमान अनुरुप सम्पन्न भइसकेको कार्यहरू कट्टा गरी बाँकी कामको लागि आवश्यकता अनुसारको डिजाइन वा लागत अनुमान परिमार्जन गराई नियम ५क.बमोजिम स्वीकृत भएको हुनु पर्ने छ ।<br>(४) उपनियम (१) बमोजिमको आर्थिक प्रस्ताव नियम ५६ज बमोजिमको प्रक्रियाबाट खोली नियम ५२ख, ५२च, ५२छ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही बोलपत्रको छनौट गर्नुपर्ने छ ।" | (३) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम ४९म, ४९य, ४९ल र ४९व बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव नियम ५६घ बमोजिमको प्रक्रियाबाट खोली नियम ५२, ५१त्र, ५२, ५२घ र ५२ङ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ ।<br>(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रूपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।<br>(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ । तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन ।<br>(७) उपनियम (४) बमोजिमको सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नियम ५६ज बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली नियम ५२ख, ५२च र ५२छ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ । |
| **५१ग. पूर्वयोग्यताको आधार स्वीकृत गराउनु पर्ने :** सङ्गठन वा निकायले पूर्वयोग्यताको प्रस्ताव आव्हान गर्नु अघि नियम ४९म वा | **५१ग को "सङ्गठन वा निकायले" पछि "दश करोडभन्दा बढी लागत अनुमान भएको खरिदको" थप गर्ने** |

| | |
|---|---|
| ४९य बमोजिम निर्धारित पूर्वयोग्यताका आधार रजिष्ट्रारबाट स्वीकृत गराउनु पर्नेछ । | |
| **५१ङ. योग्य आवेदकको छनौट :** (१) मूल्याङ्कन समितिले पूर्वयोग्यताको आवेदकद्वारा पूर्वयोग्यता सम्बन्धी कागजातमा उल्लिखित योग्यताका प्रत्येक आधार पुरा गरे नगरेको विषयमा आवश्यक परीक्षण गर्नु पर्नेछ । त्यसरी परीक्षण गर्दा योग्यताका सबै आधार पुरा गर्ने आवेदक योग्यता परीक्षणमा छनौट भएको मानिने र सबै योग्यताका आधार पुरा नगर्ने आवेदक छनौट नभएको मानिन्छ । | **नियम ५१ङ को उपनियम (१) पछि देहाय बमोजिम उपनियम (१क) थप गर्ने** (१क) उपनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्व योग्यताका आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा संगठन वा निकायले पूर्व निर्धारित पूर्व योग्यताको आधार पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नुपर्नेछ । |
| **नियम ५१च प्रतिवेदन पेश गर्नुपर्ने :**<br>(१) मूल्याङ्कन समितिले नियम ५१ङ बमोजिम गरेको परीक्षणको विस्तृत विश्लेषण सहितको प्रतिवेदन तयार गरी मूल्याङ्कन कार्य सुरु गरेको मितिले पन्ध्र दिन भित्रमा सम्बन्धित सङ्गठन वा निकायमा पेश गर्नु पर्नेछ । | **नियम ५१च को उपनियम (१) मा "मूल्याङ्कन कार्य सुरु गरेको" को सट्टा "प्रस्ताव खोलेको" राख्ने** |
| **नियम ५१ज बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने कुरा :**<br>सङ्गठन वा निकायले बोलपत्रसम्बन्धी कागजातमा नियम ५१छ मा उल्लिखित कुराको अतिरिक्त आवश्यकतानुसार देहायका कुरा उल्लेख गर्न सक्नेछ :<br>(क) प्रस्तावित कामको योजना, नक्शा,<br>(ख) विल अफ क्वान्टिटीज,<br>(ग) मालसामानको परिमाण,<br>(घ) बोलपत्रदाताले गर्नुपर्ने भैपरि आउने काम,<br>(ङ) मालसामान आपूर्ति गर्ने, निर्माण कार्य सम्पन्न गर्ने समय,<br>(च) वारेण्टी तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था, | **नियम ५१ज को खण्ड (झ) पछि देहाय बमोजिम खण्ड (ञ) थप गर्ने**<br>(ञ) सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुराहरू । |

| | |
|---|---|
| (छ) बोलपत्रदाताले प्रदान गर्नुपर्ने आवश्यक तालिम र सुपरीवेक्षणको किसिम र परिमाण,<br>(ज) आपूर्ति गरिने मालसामान वा जगेडा पार्टपूर्जाहरू नयाँ र सक्कली हुनु पर्ने कुरा र<br>(झ) प्रस्तावित खरिदको लागि आवश्यक पर्ने रकम प्राप्त हुने स्रोत । | |
| **नियम ५१ट को उपनियम (२)**<br>(च) सम्बन्धित सङ्गठन वा निकायले आवश्यक ठानेको अन्य कागजात । | **नियम ५१ट को उपनियम (२) को खण्ड (च) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(च) नियम र स्टाण्डर्ड बिडिङ डकुमेन्टमको विपरित नहुनेगरी सम्बन्धित सङ्गठन वा निकायले आवश्यक ठानेको अन्य कागजात । |
| **नियम ५१त**<br>(ज) अन्य आवश्यक कागजात । | **नियम ५१त को खण्ड (ज) मा देहाय बमोजिम संशेधन गर्ने**<br>(ज) नियम ५१छ को उपनियम (२) को खण्ड (थ) बमोजिमको विवरण, |
| **नियम ५१त**<br>(ज) अन्य आवश्यक कागजात । | **नियम ५१त को खण्ड (ज) पछि देहाय बमोजिम खण्ड (झ) र (ञ) थप गर्ने**<br>(झ) बोलपत्रसाथ पेश गरिएका कागजातको बैधताको विषयमा सम्बन्धित बोलपत्रदाता जिम्मेवार हुने विषय, र<br>(ञ) नियम र स्ट्याण्डर्ड विडिङ डकुमेन्टको विपरीत नहुने गरी संगठन वा निकायले आवश्यक ठानेका अन्य कागजात । |
| **नियम ५१थ**<br>(झ) बोलपत्रदाताले खरिद सम्झौताबमोजिम सङ्गठन वा निकायका कर्मचारीलाई तालिम प्रदान गर्नुपर्ने भए वा त्यस्तो निकायलाई प्रविधि हस्तान्तरण गर्नुपर्ने भए सो सम्बन्धी कुरा, | **नियम ५१थ को खण्ड (झ) पछि देहाय बमोजिम खण्ड (झ१) थप गर्ने**<br>(झ१) नियम ५१छ को उपनियम (२) को खण्ड (द) बमोजिम प्राविधिक क्षमता गणना नहुने कुरा, |
| **नियम ५१थ खण्ड (ट)**<br>(ट) सम्बन्धित सङ्गठन वा निकायले आवश्यक ठानेका अन्य कुरा । | **नियम ५१थ खण्ड (ट) मा देहाय बमोजिम संशोधन गर्ने** |

| | |
|---|---|
| | (ट) नियम र स्ट्याण्डर्ड विडिङ डकुमेन्टको विपरीत नहुने गरी संगठन वा निकायले आवश्यक ठानेका अन्य कुरा । |
| **५१द. बोलपत्रसम्बन्धी कागजात स्वीकृत गर्नु पर्ने :** बोलपत्रसम्बन्धी कागजात, प्रस्ताव आव्हान सम्बन्धी कागजात तयार भएपछि बोलपत्र आव्हान अगावै सम्बन्धित सङ्गठन वा निकायका प्रमुखले स्वीकृत गर्नु पर्नेछ । | **नियम ५१द मा** "सङ्गठन वा निकायका प्रमुख" **को सट्टा** "नियम ४९झ बमोजिमको अधिकारी" **राख्ने** |
| **नियम ५१फ**<br>**बोलपत्र पेश गर्नु पूर्वको बैठक :**<br>(१) सङ्गठन वा निकायले बोलपत्रदातालाई बोलपत्रसम्बन्धी कागजात, प्राविधिक स्पेसिफिकेशन, निर्माणस्थल वा अन्य यस्तै कुरा सम्बन्धी जानकारी गराउन बोलपत्र पेश गर्ने अन्तिम दिनभन्दा राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचनाको हकमा कम्तीमा दस दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचनाको हकमा कम्तीमा पन्ध्र दिन अगावै बोलपत्रदाताहरूको बैठकको आयोजना गर्न सक्नेछ । | **नियम ५१फ को उपनियम (१) को "आयोजना गर्न सक्नेछ ।" पछि देहाय बमोजिम थप गर्ने**<br>तर नियम ५१ब को उपनियम (५) र (६) बमोजिम पुन:बोलपत्र आव्हानको सूचना गरिएको अवस्थामा बोलपत्र पेश गर्नु पूर्वको बैठक सञ्चालन भई नसकेको भए बोलपत्रदातालाई पुनः बोलपत्र सम्बन्धी कुराहरूको थप जानकारी दिन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पाँच दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन अगावै त्यस्तो बैठकको आयोजना गर्न सकिनेछ । |
| **नियम ५१ब**<br>(३) बोलपत्र वा पूर्व योग्यताको प्रस्ताव आह्वानको सूचनामा<br>देहायका कुराहरू खुलाउनु पर्नेछ :<br>(क) बोलपत्र आह्वान गर्ने सङ्गठन वा निकायको नाम र ठेगाना,<br>(ख) खरिद कार्यको प्रकृति र समय सीमा, मालसामान आपूर्ति गर्नु पर्ने, सेवा प्रदान गर्नुपर्ने वा निर्माण कार्य गर्नुपर्ने स्थान,<br>(ग) बोलपत्र जमानत आवश्यक पर्ने भए सोको रकम र मान्य अवधि,<br>(घ) बोलपत्र जमानत आवश्यक पर्ने भए बोलपत्रको मान्य हुने अवधि, | **नियम ५१ब को उपनियम (३) पछि देहाय बमोजिम (३क) थप गर्ने**<br>(३क) संगठन वा निकायले उपनियम (३) मा उल्लिखित कुराका अतिरिक्त बोलपत्र आव्हानको सूचनामा देहाय बमोजिका थप कुरा समेत खुलाउनुपर्नेछ:<br>(क) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको जानकारी,<br>(ख) पूर्वयोग्यता, योग्यतासहित वा योग्यतारहित बोलपत्रको जानकारी,<br>(ग) बोलपत्र आव्हान गरिएको बोलपत्र विधिको जानकारी,<br>(घ) विद्युतीय बोलपत्र दाखिला गर्ने तारिकाको जानकारी, |

| | |
|---|---|
| (ङ) बोलपत्रसम्बन्धी कागजात वा पूर्व योग्यता सम्बन्धी कागजात पाइने स्थान, प्राप्त गर्ने तरिका र सोबापत लाग्ने दस्तुर,<br>(च) बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्ने वा पठाउने स्थान, तरिका, अन्तिम मिति र समय,<br>(छ) बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव खोल्ने मिति, समय, स्थान र बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिलाई आमन्त्रण गर्ने कुरा, र<br>(ज) तोकिएबमोजिमका अन्य कुराहरू । | (ङ) नियम ५१अ को उपनियम (१) बमोजिम लागत अनुमानको रकम,<br>(च) नियम ५१इ बमोजिमको सीमित बोलपत्र भए त्यस्तो सीमित बोलपत्रदातालाई दिनुपर्ने सूचना,<br>(छ) उपनियम (१०) बमोजिमको बोलपत्र भए स्वदेशी बोलपत्रदाताले मात्र भाग लिन पाउने कुरा,<br>(ज) उपनियम (१३) बमोजिमको बोलपत्र भए स्वदेशी निर्माण व्यवसायीसँगको संयुक्त उपक्रमले प्राथमिकता पाउने कुरा,<br>(झ) नियम बमोजिम कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफै वा निज समेतको नाममा भैरहेको अर्को फर्म , संस्था वा कम्पनीले बोलपत्र पेश गर्न नसक्ने कुरा,<br>(ञ) संगठन वा निकायले आवश्यक ठानेका  कुरा । |
| **नियम ५१ल**<br>**बोलपत्र फिर्ता तथा संशोधन :**<br>(१) विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबिस घण्टा अगावै सिलवन्दी निवेदन दिनु पर्नेछ ।<br>(२) बोलपत्रदाता वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र वा परामर्श सेवाको प्रस्ताव फिर्ता लिन वा संशोधन गर्न चाहेमा सो सम्बन्धी निवेदन खाममा सिलबन्दी गरी त्यस्तो खामको बाहिरी भागमा देहायका कुरा उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम समयभित्रै सम्बन्धित सङ्गठन वा निकायमा पेश गर्नुपर्नेछ : | **नियम ५१ल मा देहाय बमोजिम संशोधन गर्ने**<br>**बोलपत्र फिर्ता तथा संशोधन :**<br>(१) विद्युतीय बोलपत्र वा प्रस्तावको हकमा त्यस्तो बोलपत्र वा प्रस्ताव पेश गर्ने अन्तिम समयावधिसम्म विद्युतीय सञ्चार माध्यमबाट फिर्ता वा संशोधन गर्न सकिन्छ ।<br>(२) उपनियम (१) बमोजिमको विद्युतीय बोलपत्र वा प्रस्ताव बाहेक अन्य तरिकाबाट बोलपत्र वा प्रस्ताव पेश गर्ने बोलपत्रदाता वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र वा प्रस्ताव पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबिस घण्टा अगावै सिलवन्दी निवेदनको खामको बाहिरी भागमा देहाय बमोजिमका कुरा उल्लेख गरी बोलपत्र वा प्रस्ताव फिर्ता वा संशोधनको लागि निवेदन दिनु पर्नेछ :<br>(क) बोलपत्र वा प्रस्तावको विषय, |

| | |
|---|---|
| (क) बोलपत्र वा परामर्श सेवाको प्रस्तावको विषय,<br>(ख) बोलपत्र वा परामर्श सेवाको प्रस्ताव आव्हान गर्ने सम्बन्धित सङ्गठन वा निकाय वा अधिकारीको नाम र ठेगाना,<br>(ग) बोलपत्र वा परामर्श सेवाको प्रस्ताव संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय, र<br>(घ) बोलपत्र वा परामर्श सेवाको प्रस्ताव खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने ब्होरा ।<br>(३) उपनियम (२) बमोजिमको सिलबन्दी खाम प्राप्त हुन आएमा सम्बन्धित सङ्गठन वा निकायले त्यस्ता खाम सुरक्षित राख्नु पर्नेछ । | (ख) बोलपत्र वा प्रस्ताव आव्हान गर्ने सम्बन्धित सङ्गठन वा निकाय वा अधिकारीको नाम र ठेगाना,<br>(ग) बोलपत्र वा प्रस्ताव संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय, र<br>(घ) बोलपत्र वा प्रस्ताव खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने ।<br>(३) संगठन वा निकायले नै संशोधन गरेको कारणबाट दर्ता भइसकेको बोलपत्र संशोधन गर्नुपर्ने अवस्थामा बाहेक उपनियम (२) बमोजिको नवेदन एक पटक भन्दा बढी दिन पाइने छैन ।<br>(४) उपनियम (२) बमोजिमको निवेदन तथा एक पटक संशोधन भइसकेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन सकिने छैन ।<br>(५) बोलपत्र वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन वा संशोधन गर्नु पर्दा बोलपत्र वा प्रस्ताव पेश गर्दा जुन माध्यमबाट बोलपत्र वा प्रस्ताव पेश गरेको हो सोही माध्यमबाट मात्र फिर्ता वा संशोधन गर्न सक्नेछ र फरक माध्यमबाट पेश गरेको निवेदन उपर कारबाही हुने छैन ।<br>(६) उपनियम (२) बमोजिमको सिलबन्दी खाम प्राप्त हुन आएमा सम्बन्धित सङ्गठन वा निकायले त्यस्ता खाम नियम ५१क्ष बमोजिम सुरक्षित राख्नु पर्नेछ । |
| **नियम ५१ष.**<br>(१) सम्बन्धित सङ्गठन वा निकायले खरिदको प्रकृति अनुसार सबै बोलपत्रदातालाई समान रूपले लागू हुनेगरी स्वीकृत लागत अनुमान रकमको दुई देखि तिन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी बोलपत्र आव्हानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्नेछ । बोलपत्रदाताले नगदै वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । | **नियम ५१ष को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) सम्बन्धित सङ्गठन वा निकायले खरिदको प्रकृति अनुसार सबै बोलपत्रदातालाई समान रूपले लागू हुनेगरी स्वीकृत लागत अनुमान रकमको दुई देखि तिन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी बोलपत्र आव्हानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्नेछ । बोलपत्रदाताले नगदै वा वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । |

| | |
|---|---|
| | तर लागत अनुमान रकम नखुल्ने वा ईकाई दर मात्र खुल्ने गरी बोलपत्र आव्हान गरिएको अवस्थामा संगठन वा निकायले बोलपत्र सम्बन्धी कागजात वा पूर्वयोग्यता सम्बन्धी कागजात र बोलपत्र आव्हानको सूचनामा बोलपत्र जमानतको लागि एकमुष्ट रकम तोक्न सक्नेछ । |
| **नियम ५१ष**<br>(५) सम्बन्धित सङ्गठन वा निकायले बोलपत्रको मान्य हुने अवधिभित्र खरिद सम्झौता गरी सक्नु पर्नेछ । कुनै कारणवश सो म्यादभित्र खरिद सम्झौता गर्न नसकिने भएमा रीत पुगेका सबै बोलपत्रदाताहरूलाई बोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ । | **नियम ५१ष को उपनियम (५) पछि मा देहाय बमोजिम उपनियम (५क) थप गर्ने**<br>(५क) संगठन वा निकायले बोलपत्रको मान्य हुने अवधि बढाउनुपर्ने कारणको विश्लेषण गरी पुष्ट्याई हुने पर्याप्त आधार भएमा मात्र उपनियम (५) बमोजिम बोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ । बोलपत्रको मान्य हुने अवधि बढाउनु पर्ने त्यस्तो आधार र कारण विना समयमा नै बोलपत्रको मूल्यांकन नगरेको वा पेश भएको मूल्यांकनको सम्बन्धमा समयकम नै निर्णय नगरेको कारणबाट बोलपत्रको मान्य हुने अवधि बढाउँदा त्यसबाट हानी नोक्सानी हुन गएमा सोको जिम्मेवारी त्यस्तो काममा संलग्न कर्मचारी र मूल्यांकन समितिका पदाधिकारी समेतको हुनेछ । |
| **नियम ५१ष**<br>(६) उपनियम (५) बमोजिमको पत्र अनुसार बोलपत्रको मान्य हुने अवधि बढाउने वा नबढाउने भन्ने सम्बन्धमा बोलपत्रदाताले निर्णय गर्न सक्ने छन् । बोलपत्रको मान्य हुने अवधि नबढाउने बोलपत्रदाताको बोलपत्र जमानत जफत गर्न पाइने छैन । बोलपत्रको मान्य हुने अवधि बढाउने बोलपत्रदाताले सोही अनुरूप सम्बन्धित बैंकबाट मान्य अवधि समेत थप गरी बोलपत्र जमानत पेश गर्नु पर्नेछ । यसरी बोलपत्रदाताले अवधि थप गरी बोलपत्र जमानत पेश नगरेमा बोलपत्रको मान्य हुने अवधि बढाएको मानिने छैन । | **नियम ५१ष को उपनियम (६) पछि मा देहाय बमोजिम उपनियम (६क) थप गर्ने**<br>(६क) उपनियम (६) बमोजिम बोलपत्रको मान्य हुने अवधि बढाउने बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्रावधानको प्रतिकूल हुने गरी कुनै पनि थप शर्त उल्लेख गर्न सक्ने छैन । |

| | |
|---|---|
| **नियम ५१स.**<br>**बोलपत्रको आवश्यक प्रति पेश गर्नुपर्नेः**<br>बोलपत्रदाता वा प्रस्तावदाताले पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव पेश गर्दा पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्रसम्बन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजातमा उल्लेख भएबमोजिमको आवश्यक प्रति पेश गर्नु पर्नेछ । | **नियम ५१स को "पेश गर्नु पर्नेछ ।" पछि देहाय बमोजिम थप गर्ने**<br>तर माग गरिए बमोजिमको बोलपत्र वा प्रस्तावको प्रति पेश नगरेको कारणबाट कुनै बोलपत्रदाता वा प्रस्तावदातालाई प्रतिष्पर्धाबाट वञ्चित गर्न पाइनेछैन । |
| **नियम ५१त्र.**<br>(१) बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त भएको लगत्तै सोही दिन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित समय र स्थानमा सम्बन्धित सङ्गठन वा निकायले तोकिएबमोजिम बोलपत्र खोल्नु पर्नेछ । सम्बन्धित सङ्गठन वा निकायले बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोल्नु पर्नेछ ।<br>तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन । | **नियम ५१त्र को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) संगठन वा निकायको प्रमुखले संगठन वा निकायमा दर्ता भएका बोलपत्र वा प्रस्ताव नियम ४९ड बमोजिमको खरिद अधिकारीको संयोजकत्वमा बोलपत्र वा प्रस्ताव खोल्न कम्तीमा तीन सदस्यीय रहने समिति गठन गरी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा पूर्व निर्धारित समयमा बोलपत्र वा प्रस्ताव खोल्न लगाउनु पर्नेछ ।<br>तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र वा प्रस्ताव खोल्न बाधा पर्नेछैन । |
| **नियम ५१त्र**<br>(४) उपनियम (३) बमोजिमको व्यहोरा पढी सकेपछि सम्बन्धित सङ्गठन वा निकायले दाखिला भएका बोलपत्र क्रमै सँग खोली त्यस्तो बोलपत्रको देहायको कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्कामा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ :<br>(क) बोलपत्रदाताको नाम र ठेगाना,<br>(ख) बोलपत्रको कबोल अङ्क र प्रत्येक एकाई दररेट<br>(ग) बोलपत्रमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको बेहोरा, | **नियम ५१त्र को उपनियम (४) को खण्ड (ख), (छ) र (झ) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(ख) बोलपत्रको कबोल अङ्क,<br><br>(छ) बोलपत्र फाराम (लेटर अफ बिड) र मूल्य सूची (प्राइस सेड्युल) मा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए नभएको,<br><br>(झ) केरमेट भएको वा सच्याइएको स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर भए वा नभएको, |

| | |
|---|---|
| (घ) प्राविधिक स्पेसिफिकेशनको विकल्प प्रस्ताव गरिएको भए सोको कबोल अङ्क,<br>(ङ) बोलपत्र जमानत भए वा नभएको,<br>(च) अङ्क र अक्षरकाबिच भिन्नता भए सो भिन्नताको विवरण,<br>(छ) बोलपत्र फाराममा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको,<br>(ज) बोलपत्रसम्बन्धी कागजातमा सच्याइएको वा केरमेट गरिएकोमा केरमेट गरी उल्लेख गरेको रकम र व्यहोरा,<br>(झ) बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे वा नगरेको,<br>(ञ) बोलपत्र फाराममा बोलपत्रदाताले कुनै कैफियत उल्लेख गरेको भए सोको ब्होरा र दररेट विवरण माग गरेको भए सोको विवरण, र<br>(ट) सम्बन्धित सङ्गठन वा निकायले उपयुक्त ठानेको अन्य आवश्यक कुरा । | |
| **नियम ५१त्र**<br>(५) यस नियमबमोजिम बोलपत्र खोल्दाको समयमा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने निर्णय गर्न सकिने छैन । | **नियम ५१त्र को उपनियम (५) पछि देहाय बमोजिम उपनियम (६) थप गर्ने**<br>(६) उपनियम (१) बमोजिम बोलपत्र वा प्रस्ताव खोल्दा नियम ५१उ र ५१ऊ बमोजिमको बोलपत्र वा प्रस्ताव भए नियम ५६घ बमोजिमको प्रकृयाबाट बोलपत्र वा प्रस्तावको बाहिरी खाम खोली आर्थिक प्रस्तावलाई नखोली छुट्याई नियम ५१क्ष बमोजिम सुरक्षित राख्नुपर्नेछ । |
| **नियम ५२छ को उपनियम (१)**<br>(ग) कबोल अङ्क देहायको कारणले असन्तुलित भए वा नभएको :<br>(१) खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नुपर्ने कामको आइटमको लागि बोलपत्रदाताले अस्वाभाविक उच्च | **नियम ५२छ को उपनियम (१) को खण्ड (ग) पछि देहाय बमोजिम खण्ड (घ) थप गर्ने**<br>(घ) बोलपत्रदाताले पेश गरेको नियम ५१छ को उपदफा (२) को खण्ड (थ) बमोजिमको विवरण अनुरुप सो निर्माण कार्य सम्पन्न गर्न सक्ने निजको प्राविधिक क्षमता भए वा नभएको । |

| | |
|---|---|
| दर उल्लेख गरेकोले, वा<br>(२) बोलपत्रदाताले बिल अफ क्वान्टिटीको कुनै आइटममा न्यून अनुमान भएको भनी विश्वास गरेको आइटमको लागि निजले अस्वाभाविक उच्च दर उल्लेख गरेकोले । | |
| **नियम ५२छ**<br>(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा वा बोलपत्रदाताले सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेशन गलत रूपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको वा प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको लागि बढी दरले उल्लेख गरेको (फ्रन्ट लोडिङ्ग) छ छैन भन्ने कुरा मूल्याङ्कन समितिले जाँच गर्नु पर्नेछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा मूल्याङ्कन समितिले यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ । | **नियम ५२छ को उपनियम (२) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा वा बोलपत्रदाताले सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेशन गलत रूपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको वा प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको लागि बढी दरले उल्लेख गरेको (फ्रन्ट लोडिङ्ग) छ छैन भन्ने कुरा मूल्याङ्कन समितिले जाँच गर्नु पर्नेछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको वा उपनियम (१) को खण्ड (ग) बमोजिको अवस्थामा मूल्याङ्कन समितिले यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ । |
| **नियम ५२छ**<br>(४) उपनियम (३) बमोजिम लिइएको थप कार्य सम्पादन जमानत अन्तिम बिल भुक्तानी भएपछि फिर्ता गर्नु पर्नेछ । | **नियम ५२छ को उपनियम (४) पछि देहाय बमोजिम उपनियम (५), (६), (७), (८), (९), (१०), (११), (१२) थप गर्ने**<br>(५) मूल्याङ्कन समितिले नियम ५२ख बमोजिम बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्राताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना हुने छैन ।<br>(६) उपनियम (५ को प्रयोजनको लागि कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको |

आर्थिक तथा प्राविधिक क्षमतामध्ये त्यस्तो सार्वजनिक निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्मको विवरण सो निकाय वा आयोजनाबाट लिई बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ ।

(७) बोलपत्रदाताले आफूले गरेको अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोबार रकमको औसत वार्षिक कारोबार (टर्न ओभर) रकमको बढीमा पाँच गुणाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधारको रूपमा लिनु पर्नेछ । यसरी तीन आर्थिक वर्षको वार्षिक कारोबार गणना गर्दा तत्काल अघिको दश आर्थिक वर्ष भित्रबाट गणना गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम वार्षिक कारोबार रकमको पाँच गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि वार्षिक दायित्व रकम घटाएर मात्र यकिन गर्नु पर्नेछ ।

(९) यस आर्थिक नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि एकल वा संयुक्त उपक्रमको रुपमा पाँचवटा खरिद संझौता गरी सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आव्हान हुने खुल्ला बोलपत्र प्रकृयामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन ।

(१०) उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निर्माण कार्य सो उपनियमको प्रयोजनको लागि गणना गरिने छैन :

(क) यो उपनियम प्रारम्भ हुनुअघि बोलपत्र आव्हान भएको वा खरिद सम्झौता भएको,

| | |
|---|---|
| | (ख) यो उपनियम प्रारम्भ भए पछि बोलपत्र आव्हान भई खरिद सम्झौता भएकोमा कार्य स्वीकार प्रतिवेदन पेश भई स्वीकृत भएको वा<br>(ग) सबै प्रकारका बैदेशिक सहायतामा सञ्चालन हुने गरी बोलपत्र आव्हान भएको वा खरिद सम्झौता भएको ।<br>(११) यो उपनियम प्रारम्भ भएपछि आव्हान भएको बोलपत्र प्रकृयामा भाग लिँदा निर्माण व्यवसायीले पाँच वटाभन्दा बढी खरिद सम्झौता नभएको स्वघोषणा गर्नुपर्नेछ र त्यसरी गरिएको विषयलाई संगठन वा निकायले बोलपत्र मूल्यांकन गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको अभिलेखसँग भिडाउनु पर्नेछ ।<br>(१२) उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा बढीमा पच्चीस प्रतिशतसम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायले एकल वा संयुक्त उपक्रमको रुपमा अन्तर्राष्ट्रयस्तरको पाँचवटा भन्दा बढी बोलपत्रको प्रकृयामा समेत भाग लिई सम्झौता गर्न सक्नेछ ।<br>तर त्यस्तो निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भए पछि आव्हान हुने एकै प्रकृतिको कामको लागि अन्तर्राष्ट्रिय स्तरको तीनवटा वा सोभन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँचवटा भन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिन सक्नेछैन ।<br>(१३) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालु अवस्थामा रहेको खरिद सम्झौताको संख्या, बोलपत्रसम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी कागजात साथ विवरण पेश गर्नु पर्नेछ । यसरी पेश भएको विवरण झुट्टा ठहरेमा निजले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन |

| | |
|---|---|
| | प्रक्रियाबाट हटाई कालोसूचीमा राख्न लेखि पठाउनुपर्नेछ र प्रचलित कानून बमोजिम कुनै कारबाही हुनेमा त्यस्तो कारवाही समेत गरिनेछ ।<br>(१४) उपनियम (९) बमोजिम बोलपत्रदाताले आर्थिक क्षमता सम्बन्धमा स्वयं घोषणा गरी कागजात तथा विवरण पेश गर्दा निजको आर्थिक क्षमतासँग सम्बन्धित नगद प्रवाहको व्यवस्था गर्न सक्ने तरल सम्पत्ति र अन्य वित्तीय स्रोत समेत खुलाउनु पर्नेछ ।<br>(१५) उपनियम (९) को अधीनमा रही कुनै बोलपत्रदाताले बोलपत्र पेश गर्दा पाँच वटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यसरी पेश भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिएका शुरूका पाँच वटा बोलपत्रमा सम्झौता गर्नु पर्नेछ र सो भन्दा पछिका अन्य सबै बोलपत्र स्वतः मूल्याङ्कनको प्रक्रियाबाट हटेको मानिनेछन् । यस उपनियमको प्रयोजनको लागि बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्नेछ ।<br>(१६) उपनियम (१५) बमोजिम खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौं बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र सम्बन्धित संगठन वा निकायलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।<br>(१७) उपनियम (१६) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा सम्बन्धित संगठन वा निकायले त्यस्तो बोलपत्रदातालाई बोलपत्रको मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ । यसरी मूल्याङ्कन प्रक्रियाबाट हटाइएका बोलपत्रदाताबाट पेश भएको बोलपत्र जमानत जफत गरिने छैन ।<br>(१८) उपनियम (१६) बमोजिम संगठन वा निकायलाई जानकारी नगराएमा वा जानकारी गराउनुपर्ने अवधि व्यतीत भएपछि संगठन वा निकायले अन्य कुनै |

| | |
|---|---|
| | माध्यमबाट जानकारी प्राप्त गरेमा संगठन वा निकायले त्यस्तो बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ ।<br>(१९) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा खुद दायित्व भन्दा सम्पत्ति बढी भएको हुनु पर्नेछ ।<br>(२०) उपनियम (५), (६), (७), (८), (९), (१०) र (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि मूल्याङ्कन प्रक्रियामा रहेका बोलपत्रको हकमा यो नियम प्रारम्भ हुनु अघि कायम रहेको व्यवस्था बमोजिम हुनेछ । |
| **नियम ५२छ**<br>५२छ. निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन : (१) निर्माण कार्यको बोलपत्र मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले नियम ५२घ, ५२ङ र ५२च मा उल्लिखित कुराको अतिरिक्त देहायका कुराको मूल्याङ्कन गर्नु पर्नेछ :<br>(क) निर्माण कार्यको कार्य योजना, कार्य सम्पादन तालिका र परिचालन समय बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए अनुसारको भए वा नभएको,<br>(ख) बोलपत्रदाताले बिल अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय भए वा नभएको ,<br>(ग) कबोल अङ्क देहायको कारणले असन्तुलित भए वा नभएको :<br>(१) खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नुपर्ने कामको आइटमको लागि बोलपत्रदाताले अस्वाभाविक उच्च दर उल्लेख गरेकोले, वा | **नियम ५२छ पछि नियम ५२छ१ थप गर्ने**<br>**५२छ१. मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः**<br>(१) मूल्यांकन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए/नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित निकाय मार्फत् नेपाल सरकार समक्ष लेखी पठाउनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम लेखी आएका नेपाल सरकारले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन गरी सक्नु पर्ने अवधिभित्र मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न निर्देशन दिन सक्नेछ । |

| | |
|---|---|
| (२) बोलपत्रदाताले बिल अफ क्वान्टिटीको कुनै आइटममा न्यून अनुमान भएको भनी विश्वास गरेको आइटमको लागि निजले अस्वाभाविक उच्च दर उल्लेख गरेकोले ।<br>(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा वा बोलपत्रदाताले सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेशन गलत रूपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको वा प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको लागि बढी दरले उल्लेख गरेको (फ्रन्ट लोडिङ्ग) छ छैन भन्ने कुरा मूल्याङ्कन समितिले जाँच गर्नु पर्नेछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा मूल्याङ्कन समितिले यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ ।<br>(३) मूल्याङ्कन समितिले उपनियम (२) बमोजिम मागेको स्पष्टीकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र त्यस्तो स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न विश्वविद्यालय र यस अन्तर्गतका निकायलाई सिफारिस गर्न सक्नेछ ।<br>(४) उपनियम (३) बमोजिम लिइएको थप कार्य सम्पादन जमानत अन्तिम बिल भुक्तानी भएपछि फिर्ता गर्नु पर्नेछ । | (३) उपनियम (२) बमोजिम निर्देशन भई आएमा मूल्याङ्कन समितिले त्यस्तो प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई बाँकी प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ । |
| **नियम ५२झ** | **नियम ५२झ को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने** |

| | |
|---|---|
| (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा तिनको सङ्ख्यामा बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएमा मात्र स्वीकृतिको प्रक्रियामा अगाडि बढाउन सकिनेछ । | (२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आव्हान गर्न सकिने छैन । |
| **नियम ५२ट**<br>**बोलपत्र स्वीकृत गर्ने अधिकारी :**<br>(१) देहायकोरकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :<br>(क) एक करोड रुपैयाँसम्मको सङ्गठन वा निकाय प्रमुख/कार्यसमिति,<br>(ख) तिन करोड रुपैयाँसम्मको डीन/कार्यान्वयन समिति,<br>(ग) चार करोड रुपैयाँसम्मको रजिष्ट्रार,<br>(घ) पाँच करोड रुपैयाँसम्मको उपकुलपति र<br>(ङ) पाँच करोड रुपैयाँभन्दा माथि कार्यकारी परिषद्। | **नियम ५२ट को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :<br>(क) तीन करोड रुपैयाँसम्मको सङ्गठन वा निकाय प्रमुख/कार्य समिति,<br>(ख) पाँच करोड रुपैयाँसम्मको डीन/कार्यकारी निर्देशक/कार्यान्वयन समिति,<br>(ग) दश करोड रुपैयाँसम्मको रजिष्ट्रार,<br>(घ) पन्ध्र करोड रुपैयासम्मको उपकुलपति,<br>(ङ) पन्ध्र करोड रुपैयाभन्दा माथिको कार्यकारी परिषद । |
| **नियम ५४**<br>**कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने :** सम्बन्धित सङ्गठन वा निकायले परामर्श सेवा खरिद गर्नको लागि देहायका कुरा सहितको कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्नेछ :<br>(च) परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय | **नियम ५४ को खण्ड (च) पछि (च१) र (च२) थप गर्ने**<br>(च१) परामर्शदाताको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता सम्झौता पश्चात काम गर्न नसक्ने गरी विरामी भएको, दुर्घटनामा परेको वा मृत्यू भएको वा अन्य मनासिव कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा,<br>(च२) कुनै परामर्शदाता मुख्य जनशक्तिको हैसियतले सम्झौता बमोजिम पूर्णकालीन रुपमा संलग्न रहेको अवस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सो सम्झौता बमोजिमको कार्यतालिकामा दोहोरो पर्ने गरी सोही व्यक्तिको व्यक्तिगत विवरण अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने कुरा, |
| **नियम ५५**<br>**खुलारूपमा आशयपत्र माग गरी सङ्क्षिप्त सूची तयार गर्नुपर्ने :** | **नियम ५५ को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) बीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्नुपर्ने भएमा सङ्गठन वा निकायले त्यस्तो |

| | |
|---|---|
| (१) दस लाख रुपैंयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्नुपर्ने भएमा सङ्गठन वा निकायले त्यस्तो परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो सम्बन्धी आशयपत्र सङ्कलन गर्न कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा देहायबमोजिमका कुराहरू खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ । सामान्यतया तिन करोड रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्नु पर्नेछ ।<br>(क) सम्बन्धित सङ्गठन वा निकायको नाम र ठेगाना,<br>(ख) प्रस्तावित काम वा आयोजनाको सामान्य विवरण,<br>(ग) प्रस्तावित कामको खर्च व्यहोर्ने स्रोत,<br>(घ) आशयपत्रदाताको योग्यता र<br>(ङ) आशयपत्रदाता फर्म वा कम्पनी भए ।<br>(१) फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारी,<br>(२) दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रूपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम,<br>(३) विगत पाँच वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण र<br>(४) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।<br>(च) व्यक्तिगत परामर्शदाताको हकमा विगत तिन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण,<br>(छ) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय, | परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो सम्बन्धी आशयपत्र सङ्कलन गर्न कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा देहायबमोजिमका कुराहरू खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ । सामान्यतया पन्ध्र करोड रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्नु पर्नेछ ।<br>(क) सम्बन्धित सङ्गठन वा निकायको नाम र ठेगाना,<br>(ख) प्रस्तावित काम वा आयोजनाको सामान्य विवरण,<br>(ग) प्रस्तावित कामको खर्च व्यहोर्ने स्रोत,<br>(घ) आशयपत्रदाताको योग्यता र<br>(ङ) आशयपत्रदाता फर्म वा कम्पनी भए ।<br>(१) फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारी,<br>(२) दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रूपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम,<br>(३) विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण र<br>(४) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।<br>(च) व्यक्तिगत परामर्शदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण,<br>(छ) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय,<br>(ज) सङ्क्षिप्त सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिने कुरा,<br>(झ) आशयपत्रदाताले पेश गर्नुपर्ने कागजातहरू,<br>(ञ) आशयपत्र तयार गर्ने निर्देशन र आशयपत्र पेश गर्ने अन्तिम मिति तथा स्थान र<br>(ट) सम्बन्धित सङ्गठन वा निकायसँग सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति । |

| | |
|---|---|
| (ज) सङ्क्षिप्त सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिने कुरा,<br>(झ) आशयपत्रदाताले पेश गर्नुपर्ने कागजातहरू,<br>(ञ) आशयपत्र तयार गर्ने निर्देशन र आशयपत्र पेश गर्ने अन्तिम मिति तथा स्थान र<br>(ट) सम्बन्धित सङ्गठन वा निकायसँग सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति । | |
| **नियम ५५**<br>(१) दस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्नुपर्ने भएमा सङ्गठन वा निकायले त्यस्तो परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो सम्बन्धी आशयपत्र सङ्कलन गर्न कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा देहायबमोजिमका कुराहरू खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ । सामान्यतया तिन करोड रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्नु पर्नेछ ।<br>(क) सम्बन्धित सङ्गठन वा निकायको नाम र ठेगाना,<br>(ख) प्रस्तावित काम वा आयोजनाको सामान्य विवरण,<br>(ग) प्रस्तावित कामको खर्च व्यहोर्ने स्रोत,<br>(घ) आशयपत्रदाताको योग्यता र<br>(ङ) आशयपत्रदाता फर्म वा कम्पनी भए ।<br>(१) फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारी,<br>(२) दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रूपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम, | **नियम ५५ को उपनियम (१) पछि (१क) थप गर्ने**<br>(१क) नियम ५१भ को अवस्थामा बाहेक बीस लाख रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नु परेमा राष्ट्रियस्तरको आशयपत्रदाता बीच मात्र प्रतिष्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ । |

| | |
|---|---|
| (३) विगत पाँच वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण र<br>(४) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।<br>(च) व्यक्तिगत परामर्शदाताको हकमा विगत तिन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण,<br>(छ) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय,<br>(ज) सङ्क्षिप्त सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिने कुरा,<br>(झ) आशयपत्रदाताले पेश गर्नुपर्ने कागजातहरू,<br>(ञ) आशयपत्र तयार गर्ने निर्देशन र आशयपत्र पेश गर्ने अन्तिम मिति तथा स्थान र<br>(ट) सम्बन्धित सङ्गठन वा निकायसँग सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति । | |
| **नियम ५५**<br>(५) अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्दा सम्बन्धित सङ्गठन वा निकायले एक तह माथिको अधिकारीको स्विकृति लिनु पर्नेछ । | **नियम ५५ को उपनियम (५) को** "स्विकृति लिनु पर्नेछ" **बाक्यांश पछि देहाय बमोजिम थप गर्ने**<br>तर रजिष्ट्रारबाट गरिने खरिदको लागि आशयपत्र माग गर्दा एक तह माथिको अधिकारीको स्वीकृति लिनुपर्ने छैन । |
| **नियम ५५**<br>(६) उपनियम (१) वा (३) बमोजिम पर्न आएका आशयपत्र दाताको योग्यता, अनुभव र क्षमता समेत मूल्याङ्कन गरी सङ्गठन वा निकायले त्यस्तो परामर्श सेवा दिन सक्ने साधारणतया तिनदेखि छ आशयपत्रदाताको तोकिएबमोजिम छनौट गरी सङ्क्षिप्त सूची तयार गर्नु पर्नेछ । | **नियम ५५ को उपनियम (६) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(६) यस नियम बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्याङ्कन गरी सङ्गठन वा निकायले आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता मूल्यांकन गर्ने आधार समेत एकिन गरी त्यस्तो परामर्श सेवा दिन सक्ने आशयपत्रदाताको छनौट गर्नु पर्नेछ । |
| **नियम ५५**<br>(७) अन्तर्राष्ट्रियस्तरको आशयपत्रदाताको छनौट गर्दा सम्बन्धित सङ्गठन वा निकायले | **नियम ५५ को उपनियम (७) बाट "एजेन्ट रहेको" झिक्ने** |

| | |
|---|---|
| विभिन्न मुलुक, पृष्ठभूमि र एक स्थानीय एजेन्ट रहेको फर्म वा कम्पनीको छनौट गर्नु पर्नेछ । | |
| **नियम ५५**<br>(१२) यस नियमबमोजिम तयार भएको सूचीको जानकारी सम्बन्धित सङ्गठन वा निकायले आशयपत्र पेश गर्ने सबै आशयपत्रदातालाई दिनु पर्नेछ । | **नियम ५५ को उपनियम (१२) पछि देहाय बमोजिम उपनियम (१३), (१४), (१५) र (१६) थप गर्ने**<br>(१३) उपनियम (६) बमोजिम क्षमताको मूल्यांकन गर्दा परामर्श सेवाको खरिदको हकमा विदेशी आषयपत्रदाताले स्वदेशी परामर्शदाता व्यक्ति, फर्म वा कम्पनीसँग संयुक्त उपक्रम गरेमा त्यस्तो विदेशी आशयपत्रदातालाई प्राथमिकता दिन सकिनेछ ।<br>तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।<br>(१४) उपनियम (६) बमोजिम क्षमताको मूल्यांकन गर्दा परामर्श सेवाको कूल लागत अनुमानको एक सय पचास प्रतिशतमा नबढ्ने गरी हुने कारोबार रकम (टर्नओभर) को आधार लिनुपर्नेछ ।<br>(१५) उपनियम (६) बमोजिम आशयपत्रदाताको छनौट गर्दा आशयपत्र खोलेको मितिले पैतिस दिनभित्र कार्य सम्पन्न हुने गरी छनौट गर्नु पर्नेछ ।<br>(१६) यस नियम बमोजिम आशयपत्रदाता छनौट गर्दा कुनै आशयपत्रदाताले आफूले प्राप्त गरेको अंक र छनौटमा पर्न नसकेको कारण संगठन वा निकायसँग माग गरेमा पाँच दिन भित्र निजले प्राप्त गरेको अंक र छनौट हुन नसकेको कारण आशयपत्रदातालाई दिनु पर्नेछ । |
| **नियम ५६**<br>**प्रस्ताव माग गर्ने :**<br>(१) नियम ५५ बमोजिम सङ्क्षिप्त सूची तयार भएपछि सङ्गठन वा निकायले सो सङ्क्षिप्त सूचीमा परेका आशयपत्रदाताहरूलाई प्रस्ताव सम्बन्धी कागजात हुलाक, कुरियर, इमेल वा व्यक्ति मार्फत पठाई कम्तीमा तिस दिनको समय दिई निजहरूबाट प्रस्ताव माग गर्नु पर्नेछ । त्यसरी पठाइने प्रस्ताव सम्बन्धी कागजातको कुनै शुल्क लाग्ने छैन । | **नियम ५६ को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) नियम ५५ बमोजिम सङ्क्षिप्त सूची तयार भएपछि सङ्गठन वा निकायले सो सङ्क्षिप्त सूचीमा परेका आशयपत्रदाताहरूलाई प्रस्ताव सम्बन्धी कागजात हुलाक, कुरियर वा व्यक्ति वा विद्युतीय सञ्चार माध्यम मार्फत पठाई बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको खरिदका लागि कम्तीमा पन्ध्र दिन र सो भन्दा |

<table>
<tr>
<td></td>
<td>बढी लागत अनुमान भएको खरिदका लागि कम्तीमा तिस दिनको समय दिई निजहरूबाट प्रस्ताव माग गर्नु पर्नेछ। त्यसरी पठाइने प्रस्ताव सम्बन्धी कागजातको कुनै शुल्क लाग्ने छैन।</td>
</tr>
<tr>
<td>नियम ५६<br>(१०) प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्कभार उल्लेख गर्दा सम्बन्धित सङ्गठन वा निकायले देहायबमोजिमको अङ्कको सीमा ननाघ्ने गरी कामको प्रकृति र जटिलताअनुसार उपयुक्त अङ्क उल्लेख गर्नुपर्नेछ :<br>(क) प्रस्तावदाताको खास कामको अनुभव कूल अङ्कको दस प्रतिशतसम्म<br>(ख) कार्य सम्पादन गर्ने तरिका र कूल अङ्कको कार्य क्षेत्रगत शर्त प्रतिको बीसदेखि प्रभावग्राहीता पचास प्रतिशतसम्म<br>(ग) मुख्य मुख्य जनशक्तिको योग्यता कूल अङ्कको र अनुभव तीसदेखि साठी प्रतिशतसम्म<br>(घ) प्रविधि हस्तान्तरण वा तालिम कूल अङ्कको दस प्रतिशतसम्म<br>(ङ) स्वदेशी जनशक्तिको सहभागिता कूल अङ्कको दस प्रतिशतसम्म<br>जम्मा कूल अङ्क १००</td>
<td>नियम ५६ को उपनियम (१०) मा देहाय बमोजिम संशोधन गर्ने<br>(१०) प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्कभार उल्लेख गर्दा सम्बन्धित सङ्गठन वा निकायले देहायबमोजिमको अङ्कको सीमा ननाघ्ने गरी कामको प्रकृति र जटिलताअनुसार उपयुक्त अङ्क उल्लेख गर्नुपर्नेछ :
<table>
<tr><td>(क) प्रस्तावदाताको खास कामको अनुभव</td><td>कूल अङ्कको पच्चीस प्रतिशतसम्म</td></tr>
<tr><td>(ख) कार्य सम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता</td><td>कूल अङ्कको बीसदेखि पैतिस प्रतिशतसम्म</td></tr>
<tr><td>(ग) मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभव</td><td>कूल अङ्कको तीसदेखि साठी प्रतिशतसम्म</td></tr>
<tr><td>(घ) प्रविधि हस्तान्तरण वा तालिम</td><td>कूल अङ्कको दस प्रतिशतसम्म</td></tr>
<tr><td>(ङ) स्वदेशी जनशक्तिको सहभागिता</td><td>कूल अङ्कको दस प्रतिशतसम्म</td></tr>
<tr><td>जम्मा</td><td>कूल अङ्क १००</td></tr>
</table></td>
</tr>
<tr>
<td>नियम ५६<br>(१३) उपनियम (७) बमोजिम अङ्कभार उल्लेख गर्दा उत्तीर्णाङ्क समेत उल्लेख गर्नु पर्नेछ।</td>
<td>नियम ५६ को उपनियम (१३) पछि देहाय बमोजिम उपनियम (१४) र (१५) थप गर्ने<br>(१४) परामर्श सेवाको खरिदको प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाता छनौट गर्ने अंकभार उल्लेख गर्दा कुनै परामर्शदाता व्यक्ति, फर्म वा कम्पनीसँग भइरहेका काम (वर्क इन ह्याण्ड) को जनशक्ति सोही हदसम्म पछिल्लो प्रस्तावको मूल्यांकनको समयमा गणना नहुने कुरा उल्लेख गर्नु पर्नेछ।<br>(१५) यस नियम बमोजिम प्रस्ताव मूल्यांकन गर्दा उपनियम (१२) बमोजिम गरिएको विभाजन र सो</td>
</tr>
</table>

| | |
|---|---|
| | वापतको अंकभारको आधारमा मात्र मूल्यांकन गर्नुपर्नेछ । |
| **५६क**<br>(१) सम्बन्धित सङ्गठन वा निकायले दसलाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा आफ्नो कार्यालयमा तयार गरिएको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रूपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ । | **नियम ५६क को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) सम्बन्धित सङ्गठन वा निकायले बीस लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा नियम ४९थ बमोजिमको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रूपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ । |
| **नियम ५६ङ**<br>(१) प्राविधिक प्रस्तावको मूल्याङ्कन प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएको मूल्याङ्कनको आधार बमोजिम गर्नु पर्नेछ । प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रूपमा नियम ५६ को उपनियम (१०) मा उल्लिखित आधार बमोजिम मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अङ्क यकिन गर्नु पर्नेछ । | **नियम ५६ङ को उपनियम (१) पछि देहाय बमोजिम उपनियम (१क) थप गर्ने**<br>(१क) मूल्यांकन समितिले प्राविधिक प्रस्तावको मूल्यांकन गर्नको लागि सहयोग पुर्‍याउन सम्बनिधत विज्ञहरू सहितको तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ । |
| **५६छ**<br>(३) उत्तीर्णाङ्क प्राप्त नगर्ने प्रस्तावदातालाई निजको प्राविधिक प्रस्ताव छनौट हुन नसकेको कारण खुलेको सूचना सहित निजको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ । | **५६छ को उपनियम (३) पछि देहाय बमोजिम उपनियम (४) थप गर्ने**<br>(४) यस खरिद नियम बमोजिम प्रस्तावदाता छनौट गर्दा कुनै प्रस्तावदाताले आफूले प्राप्त गरेको अंक र छनौटमा पर्न नसकेको कारण संगठन वा निकायसँग माग गरेमा पाँच दिनभित्र निजले प्राप्त गरेको अंक र छनौट हुन नसकेको कारण प्रस्तावदातालाई दिनु पर्नेछ । |
| **नियम ५६ञ**<br>(५) यस नियमबमोजिम छनौट भएको प्रस्तावदातासँग वार्ता गर्नुपर्ने भएमा सम्बन्धित सङ्गठन वा निकायले त्यस्तो प्रस्तावदातालाई मिति, समय र स्थान खोली वार्ता गर्न आउन सूचना दिनु पर्नेछ । | **नियम ५६ञ को उपनियम (५) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(५) यस नियमबमोजिम छनौट भएको प्रस्तावदातासँग वार्ता गर्नुपर्ने भएमा सम्बन्धित सङ्गठन वा निकायले प्रस्ताव छनौट भएको सात दिन भित्र त्यस्तो प्रस्तावदातालाई मिति, समय र स्थान खोली वार्ता गर्न आउन सूचना दिनु पर्नेछ । |

| | |
|---|---|
| **नियम ५६ञ**<br>(५) यस नियमबमोजिम छनौट भएको प्रस्तावदातासँग वार्ता गर्नुपर्ने भएमा सम्बन्धित सङ्गठन वा निकायले त्यस्तो प्रस्तावदातालाई मिति, समय र स्थान खोली वार्ता गर्न आउन सूचना दिनु पर्नेछ । | **नियम ५६ञ को उपनियम (५) पछि देहाय बमोजिम उपनियम (६),(७) र (८) थप गर्ने**<br>(६) उपनियम (५) बमोजिम प्रस्तावदातालाई वार्ताकोलागि बोलाउँदा राष्ट्रिय स्तरको प्रस्ताव भए सात दिन र अन्तर्राष्ट्रिय स्तरको प्रस्ताव भए पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।<br>(७) नियम ५६ढ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेट्ने गरी संगठन वा निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेश गर्नु पर्नेछ ।<br>(८) यस खरिद नियम बमोजिम सम्झौता गर्ने परामर्शदाताले उपनियम (७) बमोजिमको म्यादभित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा संगठन वा निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ । |
| **नियम ५६ट**<br>परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारी :<br>(१) देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ:<br>(क) तिन लाख रुपैयाँसम्मको सङ्गठन वा निकाय प्रमुख/कार्य समिति,<br>(ख) दस लाख रुपैयाँसम्मको डीन/ कार्यान्वयन समिति,<br>(ग) बिस लाख रुपैयाँसम्मको रजिष्ट्रार,<br>(घ) पचास लाख रुपैयाँसम्मको उपकुलपति, र<br>(ङ) पचास लाख रुपैयाँभन्दा माथि कार्यकारी परिषद्। | **नियम ५६ट को उपनियम (१) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(१) देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ:<br>(क) बीस लाख रुपैयाँसम्मको सङ्गठन वा निकाय प्रमुख,<br>(ख) पचास लाख रुपैयाँसम्मको डीन/कार्यकारी निर्देशक,<br>(ग) एक करोड रुपैयाँसम्मको रजिष्ट्रार,<br>(घ) तीन करोड रुपैयाँभन्दा सम्मको उपकुलपति<br>(ङ) तीन करोड रुपैयाँभन्दा माथिको कार्यकारी परिषद । |
| **५६ण. सोझै वार्ताबाट :** सम्बन्धित सङ्गठन वा निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी र सेमिनार जस्ता विषयमा सेवा लिन परेमा एक लाख रुपैयाँसम्मको | **नियम ५६ण मा देहाय बमोजिम संशोधन गर्ने**<br>**५६ण. सोझै वार्ताबाट खरिद गर्ने :** (१) सम्बन्धित सङ्गठन वा निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी र सेमिनार जस्ता विषयमा सेवा लिन |

| | |
|---|---|
| परामर्श सेवामा सम्बन्धित सङ्गठन वा निकायको प्रमुख आफैले र सोभन्दा माथिको रकमको हकमा रजिष्ट्रारबाट स्वीकृति लिई सोझै वार्ताबाट खरिद गर्न सकिनेछ । | परेमा पाँच लाख रुपैयाँसम्मको परामर्श सेवामा सम्बन्धित सङ्गठन वा निकायको प्रमुख आफैले र सोभन्दा माथि २० लाख रुपैया सम्मको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई नियम ५६ड को प्रतिकूल नहुनेगरी सोझै वार्ताबाट खरिद गर्न सकिनेछ ।<br>(२) उपनियम (१) बमोजिमको कार्यको लागि एक तह माथिको अधिकारीको स्वीकृति लिई बीस लाख रुपैयासम्मको परामर्श सेवा खरिद गर्नु पर्ने अवस्थामा कम्तीमा तीनवटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत एकिन गर्न सोझै वार्ता गरी खरिद गर्नु पर्नेछ । |
| **नियम ५६त. अन्य विधि :**<br>देहायको अबस्थामा कुनै परामर्शदातालाई योग्यताको आधारमा नियुक्त गर्न सकिनेछ :<br>(क) कुनै काम गर्न उच्च स्तरको विशेषज्ञता आवश्यक परेमा वा,<br>(ख) परामर्श छोटो समयको लागि आवश्यक परेमा वा परामर्शदाता नियुक्त गर्ने समय न्यून भएमा वा,<br>(ग) आवश्यक कार्य सम्पन्न गर्न केही परामर्शदाता मात्र योग्य भएमा वा,<br>(घ) परामर्शदाताको छनौट गर्न धेरै समय लाग्ने भई समय अपर्याप्त भएमा । | **नियम ५६त मा देहाय बमोजिम संशोधन गर्ने**<br>**५६त. अन्य विधि :** देहायको अबस्थामा कुनै परामर्शदातालाई विशेषज्ञता र योग्यताको आधारमा नियुक्त गर्न सकिनेछ :<br>(क) कुनै काम गर्न उच्च स्तरको विशेषज्ञता आवश्यक परेमा वा,<br>(ख) परामर्श छोटो समयको लागि आवश्यक परेमा वा परामर्शदाता नियुक्त गर्ने समय न्यून भएमा वा,<br>(ग) आवश्यक कार्य सम्पन्न गर्न केही परामर्शदाता मात्र योग्य भएमा वा,<br>(घ) परामर्शदाताको छनौट गर्न धेरै समय लाग्ने भई समय अपर्याप्त भएमा । |
| **नियम ५७**<br>(१३) मूल्याङ्कन समितिले सिलबन्दी दरभाउपत्रको परीक्षण र मूल्याङ्कन गर्नेछ । | **नियम ५७ को उपनियम (१३) पछि उपनियम (१३क) थप गर्ने**<br>(१३क) पहिलो पटकको सूचना बमोजिम पेश भएका दरभाउपत्र मध्ये न्यूनतम तीनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबैभन्दा कम कबोल अंक रहेको दरभाउपत्र स्वीकृतिका लागि मूल्यांकन समितिले छनौट गर्नु पर्नेछ ।<br>तर एक्सरे, इसिजी, औषिधजन्य मालसामान, रोगको निदान तथा उपचारको लीग प्रयोग हुने |

| | |
|---|---|
| | स्वास्थ्यसम्बन्धी उपकरणहरू खरिद गर्दा एउटा मात्र दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भए तापनि छनौट गर्न सकिनेछ । |
| **नियम ५८**<br>**सोझै खरिद गर्न सकिने :** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सङ्गठन वा निकाय प्रमुखले मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सक्नेछ :<br>(क) देहायको रकमसम्मको फुटकर खरिदमा,<br>(१) पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य,<br>(२) तिन लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा । | **नियम ५८ को नियम (१) को खण्ड (क) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(क) देहायको रकमसम्मको फुटकर खरिदमा,<br>(१) पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान,<br>(२) पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा ।<br>(३) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिनरी, औजार, ईलेक्ट्रिक डिभाइसको पाँच लाख रुपैयासम्मको मर्मत सम्भार । |
| **नियम ५८ को उपनियम (१)**<br>(१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सङ्गठन वा निकाय प्रमुखले मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सक्नेछ :<br>(क) देहायको रकमसम्मको फुटकर खरिदमा,<br>(१) पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य,<br>(२) तिन लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा ।<br>(ख) खरिद सम्बन्धी शर्तहरू पुरा गर्ने प्राविधिक दक्षता वा क्षमता एउटा मात्र आपूर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा सेवाप्रदायकसँग भएमा,<br>(ग) खरिद गरिने मालसामान आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्तासँग भएको र अन्य उपयुक्त विकल्प नभएमा,<br>(घ) मौजुदा मालसामान वा सेवा वा जडित संयन्त्रको पार्टपूर्जाको प्रतिस्थापन वा विस्तार गर्न आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायक परिवर्तन गरेमा सङ्गठन वा | **नियम ५८ को उपनियम (१) पछि देहाय बमोजिम (१क) थप**<br>(१क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पच्चीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेछ । यसरी सौझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्नेछ ।<br>तर कुनै औषधिजन्य मालसामान उत्पादन गर्ने विश्व स्वास्थ्य सङ्गठनबाट पूर्वयोग्यता प्राप्त एकमात्र औषधि उत्पादक कम्पनी भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नु पर्दा सोझै वार्ता गरी जतिसुकै रूपैयाँसम्मको भए पनि त्यस्तो औषधिजन्य मालसामान खरिद गर्न सकिनेछ ।<br>(१ख) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा विश्वविद्यालयको निमन्त्रणामा नेपाल भ्रमणमा रहेका विदेशी मुलुकको सरकार, विश्वविद्यालय वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अति विशिष्ट वा विशिष्ट व्यक्तिलाई आतिथ्यता र होटलबास सुविधाको लागि पचास लाख रूपैयाँसम्म सोझै खरिद गर्न सकिनेछ । |

| | |
|---|---|
| निकायमा रहेको मालसामान वा सेवाहरू प्रतिस्थापन वा विस्तार गर्न नसकिने कुरा प्रमाणित भई साविकको आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायकबाट तोकिएको सीमाभित्रको प्रोप्राइटरी स्वरूपको अतिरिक्त मालसामान वा सेवा खरिद गर्नु परेमा,<br>(ङ) पूर्वानुमान गर्न नसकिएको कारणले सुरु सम्झौतामा समावेश नभएको र सुरु सम्झौताबाट अलग गरी सम्पन्न गर्न प्राविधिक वा आर्थिक कारणले कठिनाई हुने भई तोकिए बमोजिमको सीमाभित्रको अत्यावश्यक निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नु परेमा, वा<br>(च) सम्बन्धित कामको लागि कुनै विशिष्ट (युनिक) योग्यता भएको खास परामर्शदाताको सेवा तत्काल आवश्यकता भएमा वा साविकको परामर्शदाताबाट नै सेवा लिनु पर्ने अपरिहार्य कारण भएमा ।<br>(छ) विश्वविद्यालयको सङ्गठन वा निकायले अर्को सार्वजनिक निकायसँग कुनै खरिद गर्नु परेमा,<br>(ज) अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थासँग सो संस्थाले तोकेको दररेटमा मालसामान वा सेवा खरिद गर्नु परेमा र<br>(झ) विशेष परिस्थितमा खरिद गर्नु परेमा । | |
| **नियम ५८**<br>(१०) सम्बन्धित सङ्गठन वा निकायले पच्चिस हजार रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा सम्बन्धित सङ्गठन वा निकायले सूचना प्रकाशन गरी मौजुदा सूचीमा रहेका कम्तीमा तिनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ । | **नियम ५८ को उपनियम (१०) मा देहाय बमोजिम गर्ने**<br>“पच्चिस हजार” को सट्टामा “एक लाख” गर्ने |
| **नियम ६०घ** | **नियम ६०घ को उपनियम (२) मा देहाय बमोजिम संशोधन गर्ने** |

| | |
|---|---|
| (२) सम्बन्धित सङ्गठन वा निकायले अमानतबाट काम गर्न रजिष्ट्रारको पूर्व स्वीकृति लिनु पर्नेछ । | (२) सम्बन्धित सङ्गठन वा निकायले एक लाख रुपैयाभन्दा बढी ज्याला लाग्ने अमानतबाट काम गर्न अन्य निकायमा एक तह माथिको अधिकारीको र केन्द्रीय कार्यालयमा रजिष्ट्रारको पूर्व स्वीकृति लिनु पर्नेछ । |
| **नियम ६५**<br>६५. सम्झौता गर्न कार्यसम्पादन जमानत पेश गर्नु पर्ने: (१) स्वीकृत बोलपत्रको बोलपत्रदाताले नियम ५२ञ को उपनियम (४) बमोजिम कार्यसम्पादन जमानत पेश गर्दा बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा नियम ५२ञ को उपनियम (३) बमोजिमको म्याद भित्र वाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको रकम नियम ५२ञ को उपनियम (४) मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।<br>(३) उपनियम (२) बमोजिम खरिद सम्झौतामा रकम नखुल्ने सम्झौताको हकमा सङ्गठन वा निकायले बोलपत्रसम्बन्धी कागजातमा तोकी दिएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।<br>(४) खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्नेछ ।<br>(५) विदेशी वैंकले जारी गरेको कार्य सम्पादन जमानत नेपालमा स्थापना भएको कुनै | **नियम ६५ पछि देहाय बमोजिम नियम ६५क थप गर्ने**<br>६५क. दुई करोड रुपैंयाभन्दा बढीको निर्माण कार्यसँग सम्बन्धित खरिद सम्झौता गर्दा स्वीकृत भएको बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा क्रेडिट लाईनको सुविधा प्राप्त भएको विवरण पेश गर्नु पर्नेछ । |

| | |
|---|---|
| वाणिज्य बैंकले प्रति प्रत्याभूति (काउण्टर ग्यारेन्टी) गरेको भएमा मात्र मान्य हुनेछ । | |
| **नियम ६६ को उपनियम (१)**<br>(ज) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन गर्ने, | **नियम ६६ को उपनियम (१) को खण्ड (ज) पछि खण्ड (ज१) थप गर्ने**<br>(ज१) निर्माण व्यवसायीले निर्माण कार्यस्थलमा सार्वजनिक खरिद नियमावलीले तोके बमोजिमको विवरण सूचना पाटीमा अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नुपर्ने, |
| **नियम ६७**<br>**वीमा गराउनु पर्ने :** (१) खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले देहायको कुराको वीमा गराउनु पर्नेछ : | **नियम ६७ को उपनियम (१) मा "दश लाख रुपैयाका" सट्टामा "बीस लाख रुपैयाको" गर्ने** |
| **नियम ६७ को उपनियम (४)**<br>(४) मालसामान खरिदमा सि.आई.पी. ( क्यारिज एण्ड इन्सोरेन्स पेड टु) मूल्यको कम्तिमा ११० प्रतिशत रकम बराबरको गोदामदेखि गोदामसम्म युद्ध, हडताल र आगजनी समेतको सबै जोखिम वेहोर्ने गरी वीमा गराउनु पर्नेछ । | **नियम ६७ को उपनियम (४) पछि उपनियम (४क) थप गर्ने**<br>(४क) परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको तीस दिनभित्र सम्झौताको कूल रकमको जोखिम व्यहोर्ने गरी संगठन वा निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेशनल लायबिलिटी इन्सोरेन्स) गराउनु पर्नेछ । |
| **नियम ६७**<br>(५) सम्बन्धित सङ्गठन वा निकायका प्रमुखको लिखित स्वीकृतिबिना वीमाका शर्तमा कुनै परिवर्तन गर्न सकिने छैन । | **नियम ६७ को उपनियम (५) पछि उपनियम (६) थप गर्ने**<br>यस नियममा उल्लिखित प्रावधानको प्रतिकूल हुने गरी बीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानि नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारी र संगठन वा निकायका प्रमुखको हुनेछ । |
| **नियम ६७क.**<br>(२) उपनियम (१) बमोजिम पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने छ । | **नियम ६७क. को उपनियम (२) पछि उपनियम (२क) थप गर्ने**<br>(२क) उपनियम (१) बमोजिम दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा |

| | |
|---|---|
| | प्रदायकले संगठन वा निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेछ। |
| **नियम ६७क.**<br>(३) उपनियम (१) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौताबमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनु पर्नेछ। आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले उपनियम (२) बमोजिम पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तिस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्नेछ। | **नियम ६७क. को उपनियम (३) लाई देहाय बमोजिम संशोधन गर्ने**<br>(३) उपनियम (१) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौताबमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत एवम् त्यस्तो बैंक जमानत विदेशी बैंकले जारी गरेको भए नेपाल भित्रको वाणिज्य बैंकले प्रति प्रत्याभूति (काउन्टर ग्यारेन्टी) लिई पेश्की दिनु पर्नेछ। आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले उपनियम (२) बमोजिम पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तिस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्नेछ। |
| **६७घ. कार्य स्वीकार प्रतिवेदन :**<br>(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा देहायका कुरा उल्लेख हुनु पर्नेछ :<br>(क) खरिद सम्झौता सङ्ख्या,<br>(ख) सम्पन्न भएको निर्माण कार्य, प्राप्त भएको मालसामान वा सेवाको विवरण,<br>(ग) निर्माण कार्य सम्पन्न भएको वा मालसामान वा सेवा प्राप्त भएको मिति,<br>(घ) सम्पन्न निर्माण कार्य, प्राप्त मालसामान वा सेवा स्वीकृत भएको मिति। | **नियम ६७घ को उपनियम (२) पछि देहाय बमोजिम उपनियम (२क) थप गर्ने**<br>(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा संगठन वा निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ। |
| **नियम ६७ज**<br>(३) उपनियम (२) बमोजिमको अवस्था परी खरिद सम्झौताबमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले | **नियम ६७ज को उपनियम (३) (४) र (५) मा देहाय बमोजिम संशोधन गर्ने**<br>(३) उपनियम (२) बमोजिमको अवस्था परी खरिद सम्झौताबमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले |

| | |
|---|---|
| कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा सात दिन अगावै सम्बन्धित सङ्गठन वा निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । त्यसरी जाँच बुझ गर्दा वा गराउँदा निजलेदेहायका कुरा विचार गर्नु पर्नेछ:<br>(क) सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौताबमोजिमको काम समय मै सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको थियो वा थिएन,<br>(ख) सम्बन्धित सङ्गठन वा निकायले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौताबमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराएको थियो वा थिएन, र<br>(ग) काबुबाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन ।<br>(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा छ महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढीको अवधि एक तह माथिको अधिकारीले थप गर्न सक्नेछ । | कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्य सपादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्य तालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सङ्गठन वा निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । त्यसरी जाँचबुझ गर्दा वा गराउँदा देहायको अवस्था देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछ:<br>(क) सम्बन्धित संगठन वा निकायले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाईसम्झौताबमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको<br>(ख) खरिद कारबाहीका सम्बन्धमा अख्तियार प्राप्त निकायले कागजात झिकाएको कारणबाट काममा ढिलाई भएको<br>ग) विपद वा अन्य काबुबाहिरको परिस्थितिको कारण सम्झौताबमोजिमको काम हुन सक्ने अवस्था नभएको ।<br>(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा सो उपनियम बमोजिमको अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम ६७झ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ । |
| **नियम ६७ज**<br>(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा छ महिनासम्मको अवधि बोलपत्र | **नियम ६७ज को उपनियम (५) पछि देहाय बमोजिम थप गर्ने**<br>(६) उपनियम (३) बमोजिम परेको निवेदनका सम्बन्धमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले यस नियम |

| | |
|---|---|
| स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढीको अवधि एक तह माथिको अधिकारीले थप गर्न सक्नेछ । | बमोजिमको म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्र टुङ्याउनु पर्नेछ ।<br>(७) उपनियम (४) वा (५) बमोजिम म्याद थप गरिएकोमा म्याद थप गर्ने अधिकारीले सोको विस्तृत विवरण सहितको प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।<br>(८) उपनियम (६) बमोजिमको अवधिभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धी कारबाही प्रक्रिया नटुङ्याएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले आवश्यक निर्णयको लागि खरिद सम्झौताको अवधि समाप्त भएको सात दिनभित्र एक तह माथिको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।<br>(९) उपनियम (८) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा एक तह माथिको अधिकारीले छानविन गरी सो निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र म्याद थप सम्बन्धी कारबाही प्रक्रिया टुङ्याउनु पर्नेछ ।<br>(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि खरिद सम्झौता अनुसारको काम सम्पन्न भइसके तापनि म्याद समाप्त भएका कारण फरफारक हुन नसकेका सम्झौताको हकमा संगठन, निकाय वा आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी एक पटकको लागि यो नियम प्रारम्भ तीस दिनभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गरी सम्झौता बमोजिमको भुक्तानी तथा फरफारक गर्न सक्नेछ ।<br>(११) उपनियम (१०) बमोजिम म्याद थप गर्दा पूर्व नर्धारित क्षतिपूर्ति लिइने छैन ।<br>(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो नियम प्रारम्भ हुनुभन्दा तत्काल अघि कायम रहेको व्यवस्था बमोजिम खरिद सम्झौताको म्याद थप गर्नको लागि संगठन वा निकाय समक्ष निवेदन परेका तर सो सम्बन्धमा निर्णय भइ नसकेका |

| | |
|---|---|
| | खरिद सम्झौताको हकमा यो नियम प्रारम्भ भउको मितिले तीस दिनभित्र म्याद थप सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।<br>(१३) यो नियम प्रारम्भ हुँदाका बखत सम्झौता बमोजिमको काम सम्पन्न नभएका र म्याद थप नभएका वा उपनियम (४) वा (५) बमोजिम म्याद थप हुन नसक्ने वा उपनियम (१२) बमोजिम म्याद थपको लागि निवेदन नपरेका वा निवेदन परेकोमा सो उपर म्याद थप नभएको खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गर्ने, कार्य सम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी राखेको भए सो समेत जफत गर्ने र त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने समेतको निर्णय सम्बन्धित अधिकारीले यो नियम प्रारम्भ भएको साठी दिनभित्र गरिसक्नु पर्नेछ ।<br>(१४) उपनियम (१३) बमोजिम कारबाही सम्बन्धी निर्णय गर्दा सम्झौता बमोजिमको कार्य जानाजानी बदनियतपूर्वक वा लापरवाहीको कारण सम्पन्न नगरेको देखिएका संगठन वा निकायले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता सेवा प्रदायक वा परामर्शदातालाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउनु पर्नेछ ।<br>(१५) यस नियम बमोजिम म्याद थपको कारबाही समयमा नटुङ्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्यांकन र कारबाही समयमै नगर्ने सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले छ महिना भित्र प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नुपर्नेछ । |
| **६७ज. सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था :** (१) खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था सम्बन्धित खरिद सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ । | **नियम ६७ज पछि देहाय बमोजिम नियम ६७ज१ थप गर्ने**<br>**६७ज१. खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था:** |

| | |
|---|---|
| (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबू बाहिरको परिस्थिति, सङ्गठन वा निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्नेछ ।<br>(३) उपनियम (२) बमोजिमको अवस्था परी खरिद सम्झौताबमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा सात दिन अगावै सम्बन्धित सङ्गठन वा निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । त्यसरी जाँच बुझ गर्दा वा गराउँदा निजले देहायका कुरा विचार गर्नु पर्नेछः<br>(क) सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौताबमोजिमको काम समय मै सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको थियो वा थिएन,<br>(ख) सम्बन्धित सङ्गठन वा निकायले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौताबमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराएको थियो वा थिएन, र | (१) नियम ६७ज मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत खरिद सम्झौताको अवधि समाप्त भएको वा संवत् २०७९ साल असार मसान्तसम्म खरिद सम्झौताको अवधि समाप्त हुने तर खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको वा हुन नसक्ने अवस्थामा रहेको वा यो नियम प्रारम्भ हुनु अघि अवधि थपको लागि संगठन वा निकाय समक्ष निवेदन परी सो सम्बन्धमा कुनै निर्णय नभएको निर्माण कार्यको हकमा सम्बन्धित निर्माण व्यवसायीले यो नियम प्रारम्भ भएको एक्काइस दिनभित्र संशोधित कार्यतालिका सहित सम्झौताको अवधि थपको लागि सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिम पेश भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेश गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।<br>(३) उपनियम (१) वा (२) बमोजिम संशोधित कार्यतालिका पेश भए पश्चात बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तीमा दुई वटा प्रगति हासिल गर्नु पर्ने सीमा (माइलस्टोन) तोकी थप आर्थिक व्ययभार नपर्ने गरी बढीमा संवत २०८० साल असार मसान्तसम्म म्याद थप गर्न सक्नेछ सम्बन्धित निर्माण व्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम ६७झ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको तीस दिनभित्र गरिसक्नु पर्नेछ । यसरी समयमा नै थप सम्बन्धी निर्णय नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ ।<br>(५) उपनियम (३) बमोजिम थप गरिएको अवधिसम्म पनि निर्माण कार्य सम्पन्न नभएमा वा उपनियम (१) |

| | |
|---|---|
| (ग) काबुबाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन ।<br>(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा छ महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढीको अवधि एक तह माथिको अधिकारीले थप गर्न सक्नेछ । | मा तोकिएको अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा नियम ६७ज को उपनियम (१३) बमोजिम खरिद सम्झौताको अन्त्य गर्नु पर्नेछ<br>(६) उपनियम (३) बमोजिम थप गरिएको अवधिमा पेश भएको कार्यतालिका बमोजिम निर्माण कार्यको प्रगति भए नभएको सम्बन्धमा केन्द्रीय कार्यालयले अनुगमन गर्नु पर्नेछ ।<br>(७) यस नियममा जुनसुकै कुरा लेखिएको भए यो नियम प्रारम्भ बखत नियम ६७ज बमोजिम खरिद सम्झौताको अवधि थपको लागि निवेदन नपरेका र कार्यस्थलमा छ महिनादेखि सम्झौताबमोजिम कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको खरिद सम्झौताको म्याद थप गरिने छैन ।<br>(८) उपनियम (७) बमोजिम म्याद थप हुन नसक्ने खरिद सम्झौतालाई संगठन वा निकायले नियम ६७ज को उपनियम (१३) बमोजिम अन्त्य गरी कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ । |
| **नियम ६७झ**<br>**६७झ. पूर्व निर्धारित क्षतिपूर्तिः** खरिद सम्झौतामा पूर्व निर्धारित क्षतिपूर्तिका सम्बन्धमा देहायको व्यवस्था गर्नसकिनेछः (क) आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौताबमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सङ्गठन वा निकायलाई सम्झौता रकमको दस प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने तर निजको काबु बाहिरको परिस्थिति परी वा कुनै गल्ति वा हेलचेक्र्याई नभई कार्यसम्पादन वा आपूर्ति | **नियम ६७झ को खण्ड (क) मा "र" हटाउने** |

| | |
|---|---|
| गर्न ढिला भएमा त्यस्तो क्षतिपूर्ति तिर्न नपर्ने, र | |
| **नियम ६७ भ्क**<br>(ख) खण्ड (क) बमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायी खरिद सम्झौताबमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने | **नियम ६७झ को खण्ड (ख) पछि देहाय बमोजिम खण्ड (ग) थप गर्ने**<br>(ग) खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नुपर्ने । |
| **नियम ६७ट उपनियम (४)**<br>सङ्गठन वा निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्नेछ । | **नियम ६७ट उपनियम (४) को "गरी राख्नु पर्नेछ ।" पछि देहाय बमोजिम थप गर्ने**<br>तर निर्माण कार्य बाहेक खरिदको कुनै खास प्रकृतिको कारणले खरिद सम्झौतामा रिटेन्सन मनी कट्टा गर्नु नपर्ने व्यवस्था भएमा त्यस्तो रकम कट्टा गरिने छैन । |
| **नियम ६७ट उपनियम (८)**<br>उपनियम (१) को खण्ड (क),(ख), (ग) र (घ) बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्नेछ । | **नियम ६७ट उपनियम (८) को "** उपनियम (१) को खण्ड (क),(ख), (ग) र (घ) बमोजिम**" हटाउने** |
| **६७ठ को उपनियम (२)**<br>उपनियम (१) बमोजिम अन्तिम भुक्तानी दिँदा निर्माण कार्यको हकमा त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पादन जमानत र नियम ६७ट को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ । रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूतिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तिरिक राजस्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्नेछ । | **६७ठ को उपनियम (२) पछि देहाय बमोजिम (२क) र (२क१) थप गर्ने**<br>(२क) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संयुक्त उपक्रमको हकमा रिटेन्सन मनी भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको विवरण पेश भएपछि भुक्तानी दिइनेछ ।<br>(२क१) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको असी प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको |

| | |
|---|---|
| | हकमा नियम बमोजिम राखिएको रिटेन्सन मनी फिर्ता दिन सकिनेछ । यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्नेछ । |
| **नियम ७५**<br>**खरिद नियमबमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने :** यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय र दातृ पक्षबिच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेण्ट गाईडलाइन्स) अनुरूप खरिद गर्नु परेमा यो खरिद नियमबमोजिमको खरिद प्रक्रिया अपनाउनुपर्ने छैन । | **नियम ७५ को "प्रक्रिया अपनाउनुपर्ने छैन" पछि देहाय बमोजिम थप गर्ने**<br>तर सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेण्ट गाईडलाइन्स) मा उल्लेख नभएका कुराहरूको हकमा यो खरिद नियमबमोजिम हुनेछ । |